# बाँसगढी नगरपालिका कार्यालय
# बाँसगढी बर्दिया
# लुम्बिनी प्रदेश नेपाल

## बाँसगढी नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन २०८२/०८३

**बाँसगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

# भाग- १

## १. पृष्ठभूमी

देशभर सङ्घीयशासनको अभ्यास गरिरहेका स्थानीय तहहरू मध्ये बाँसगढी नगरपालिकाले आ.व. २०८२/८३ मा सम्पादन गरेका सम्पूर्ण कार्यहरूको यथार्थ प्रतिवेदन तयार गरी जनतालाई सुसूचित गर्ने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रयोजनार्थ २०८३ श्रावण २६ गते गरिएको वार्षिक समीक्षाको आधारमा यो प्रतिवेदन तयार गरिएको छ

## २. नगरपालिकाको परिचय र भौगोलिक अवस्थिति

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पर्ने बर्दिया जिल्लाभित्र यस नगरपालिका अवस्थित रहेको छ । नेपालको लुम्बिनी प्रदेश को बर्दिया जिल्लामा पर्ने यो बाँसगढी नगरपालिका नेपाल सरकार(मन्त्रीपरिषद्) को मिति २०७१ साल मंसिर १६ गतेको निर्णयानुसार देशभरी गठन भएका ६१ नगरपालिकाहरू मध्ये एक नगरपालिका हो । साविक बेलुवा, मोतिपुर र डेउढाकला सहित ३ गाविस समाहित गरि यो नगरपालिकाको निर्माण भएको हो ।

**भौगोलिक अवस्थिति:**

| सि नं | बिबरण | मान |
|---|---|---|
| १ | क्षेत्रफल | २०६ बर्ग .कि.मी. |
| २ | अक्षांश | २८°१३' उत्तर देखि २८°२४' उत्तर सम्म |
| ३ | देशान्तर | ८१°२५' पूर्व देखि ८१°४६'पूर्व सम्म |
| ४ | उचाई | समुन्द्र सतहवाट १५४ मिटर |

- पूर्व : (सल्यान) काप्रेचौर / (बाँके) मानखोला
- पश्चिम : (बारबर्दिया .न.पा.), ग्याङनदी
- उत्तर : बर्दिया राष्ट्रिय निकुञ्ज र (सुर्खेतजिल्ला)
- दक्षिण : (बढैयाताल .गा.पा.)

## ऐतिहासिक चिनारी तथा नामाकरण

बर्दिया जिल्लामा बर्दिया राष्टिय निकुञ्ज स्थापना हुनु पुर्व यहाँका थारु जातिमा ससुराली जाँदा सूपो लिनुपर्ने परम्परा रहेको थियो । सूपो बनाउन जंगलतिरबाट बाँस लिएर आई हाल बाँसगढी बजार क्षेत्रमा बसी बाँसको चोया बनाउने काम गरेकोले बाँसगढी नाम रहन गएको स्थानीय मानिसहरुको भनाई रहेको छ । त्यसैगरी यस नगरपालिकाको वडा नं. ५ मा पर्ने बाँसगढी गाउँमा पहिले बाँसको घारी रहेको हुँदा पछि गएर बाँसगढी हुन गएको एकाथरीको भनाई रहेको छ । यसैगरी रेउकुलो नामबाट चर्चित पुराने गीतमा बाँसगढी गाउँ भन्ने उल्लेख भएको हुँद यो ठाउँको नाम बाँसगढी हुन गएको भन्ने पनि भनाई छ ।

## हावापानी

बाँसगढी नगरपालिका समुद्र सतह देखि१५४ मी. उचाइमा रहेको छ। यस क्षेत्रको हावापानी उष्ण मनसुनी देखि समशितोष्ण प्रकारको रहेको छ । वार्षिक सरदर वर्षा ११३० मि.मि. हुने गरेको यस नगरपालिका क्षेत्रको अधिकतम तापक्रम ४३ डीग्री सम्म पुग्ने गर्दछ भने न्यूनतम तापक्रम ७.५ डिग्री सेल्सियसमा झर्ने गर्दछ।

## पर्यटकीय, सास्कृतिक र मनोरम स्थलहरू

बाँसगढी नगरपालिकामा विभिन्न खालका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु रहेका छन् । बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, चेपाङ्ग गाउँ, मन्दिर,चर्च तथा गुम्वा जस्ता सम्पदाहरु यस नगरपालिकाका पर्यटकीय क्षेत्रहरु हुन् । विभिन्न उत्सव र चाडपर्वमा मन्दिर आसपासका क्षेत्रबाट मानिसहरु आउने गर्दछन् । शिवरात्री, दशैं, माघे संक्रान्ती, चैते दशैं जस्ता चाडपर्वमा विषेशगरी यसक्षेत्रमा मानिसहरुको जमघट हुने गर्दछ । थारुजातिको मौलिक संस्कृतिले पनि यस क्षेत्रको विशिष्ट साँस्कृतिक पहिचान बोकेको छ । वडा नं. ५ मा अवश्थित केदारेश्वर धाम यस नगरपालिकाको प्रमुख साँस्कृतिक धरोहरका रुपमा रहेको छ।

## नदीनाला तथा तालतलैया

बबई नदी, ग्याङ नदी, मान खोला, डुन्डुवा खोला, घट्टे खोला, लौहवा खोला, अक्षेखिया खोला, शेभाङ खोला, दोन्द्रे खोला, खोटे खोला, भङ्गाहा खोला, दोभान खोला, चिसी खोला, चप्ला नाला, फोहिया नाला, कन्जरवा नाला, बोक्सीनिया नाला यस न.पा.का प्रमुख नदीनालाहरु हुन । न.पा. भित्रका लक्ष्मणा ताल, मोतिपुर ताल, दमौली ताल, बाँसगढी ताल प्रमुख तालहरु हुन भने च्यामा र राँझा सिमसार क्षेत्र रहेका छन्।

## भू–उपयोग

बाँसगढी न.पा.को अधिकांश खेतियोग्य जमीन समथर भएकोले माटोको वनावटमा धैरै समानता पाइन्छ । दोमट र चिम्टाइलो माटो पाईने यस नपामा उर्वर भुमिको प्रचुरताले गर्दा राम्रो कृषि उत्पादन भएको पाइन्छ । न.पा. को वार्षिक नगर विकास योजना २०७३।०७४ अनुसार कुल भुभाग मध्ये कृषियोग्य जमिन ४० प्रतिशत, वनजंगल ५० प्रतिशत, झाडी ३ प्रतिशत, घाँसे मैदान चौर ३ प्रतिशत, खोला खोल्सी पोखरी २ प्रतिशत, बगर बालुवायुक्त जमिन १ प्रतिशत र बाक्लो शहरी बस्ती १ प्रतिशत रहेको छ। धान, गहुँ, मकै, मसुरो, केराउ, तोरी, अरहर, मास, आलु, चना यस क्षेत्रको प्रमुख बाली हुन्।

### प्रशासनिक संरचना अन्तर्गत यस पालिकालाई ९ वटा वडामा विभाजन गरिएको छ।

| हालको वडा नं | साबिकको गा बि स | सा बि क को वडा | वडा प्रशासनस्थान |
|---|---|---|---|
| १ | बेलवा | ७ | बबई, चेपांग |
| २ | बेलवा | २, ७, ९ | बेलवा बनमुडुवा |
| ३ | बेलवा | १, ३, ४, ५, ६, ८ | गौरीचोक |
| ४ | मोतीपुर | २, ४, ५, ६ | बठुवाताल |
| ५ | मोतीपुर | १, ८, ९ | किसानचोक बाँसगढी |
| ६ | मोतीपुर | ३, ७ | दमौली |
| ७ | डेउढाकला | १, ६, ८ | डेउढाकला |
| ८ | डेउढाकला | ५, ७,९ | ककौरा बजार |
| ९ | डेउढाकला | २, ३, ४ | माछागढ |

## ३. उद्देश्यहरू

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रयोजनार्थ,
- सूचनाको हक २०६४ को कार्यान्वयन गर्न,
- सरकारले वार्षिक रुपमा सम्पादन गरेका कार्यहरू जनतामाझ पुऱ्याउन,
- गत आ.व. र चालु आ.व.मा सम्पादन भएका कार्यहरूको तुलनात्मक अध्ययन गर्न,

## ४. नगरपालिकाले समग्र स्थिति/मूख्य क्रियाकलापहरू

नेपालको संविधान २०७२ जारी भएपछि उक्त संविधानको धारा ५६ मा नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ, जसमध्ये सबैभन्दा तल्लो तहको सरकारका रुपमा स्थानीय सरकार रहने व्यवस्था बमोजिम नेपाल अधिराज्यभरी ७५३ वटा स्थानीय तहको स्थापना भएको हो। जसमध्ये राप्ती सोनारी नगरपालिका पनि एक हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का दफा ११ बमोजिमका कार्यहरू गर्नका लागि नगरपालिकामा देहाय बमोजिमको साङ्गठनिक संरचना रहने व्यवस्था रहेको छ।

**कर्मचारीको दरबन्दी तथा पदपूर्तिको स्थिति**

| क्र.श. | पद | तह/श्रेणी | सेवा | समुह | उपसमुह | स्विकृत दरबन्दी | २०८२ असार मसान्त सम्मको स्थिती | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | जम्मा | कैफियत |
| १ | प्रमुख प्रशासकिय अधिकृत | १० | प्रशासन | सा.प्र. | - | १ | १ | ० | १ | उपसचिव/ रा.प.द्वितिय |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | - | १ | १ | ० | १ | उपसचिव/ रा.प.द्वितिय |
| ३ | सि.डि.ई. | ९/१० | इन्जि. | सिभिल | - | १ | ० | ० | ० | रिक्त दरबन्दी |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | - | १ | २ | ० | २ | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | - | १ | १ | ० | १ | समायोजन |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | - | १ | १ | ० | १ | |
| ७ | इन्जिनियर | ६ | इन्जि. | सिभिल | वि ए आ | १ | ० | ० | ० | रिक्त दरबन्दी |
| ८ | इन्जिनियर | ६ | इन्जि. | सिभिल | - | १ | ० | १ | १ | |
| ९ | आ.ले.प. अधिकृत | ६ | प्रशासन | लेखा | - | १ | १ | ० | १ | |
| १० | अधिकृत | ६ | प्रशासन | सा.प्र. | - | ३ | २ | ० | २ | १ वटा रिक्त दरवन्दी |
| ११ | सहायक | ५ | प्रशासन | सा.प्र. | - | ९ | ८ | ० | ८ | १ वटा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा समेत | | | | | | | | | रिक्त दरवन्दी |
| १२ | लेखा सहायक | ५ | प्रशासन | सा.प्र. | - | १ | १ | ० | १ | हाल स्तरबृद्दी भई छैठौ तहमा कार्यरत |
| १३ | प्रा.स. | ५ | शिक्षा | शि.प्र | - | १ | ० | ० | ० | रिक्त दरबन्दी |
| १४ | सव-इन्जिनियर वडा समेत | ५ | इन्जि | सिभिल | - | ६ | ६ | ४ | १० | चौथोबाट स्तरबृद्दी भई पाचौ भएको |
| १५ | कम्पुटर अपरेटर | ५ | विविध | - | - | १ | ० | १ | १ | |
| १६ | महिला विकास निरीक्षक | ५ | विविध | - | - | १ | ३ | ० | ० | चौथोबाट तहबृद्दी भई पाचौ भएको |
| १७ | सर्भेक्षक | ५ | इन्जि | सर्भे | - | १ | ० | ० | ० | रिक्त दरबन्दी |
| १८ | सहायक वडा समेत | ४ | प्रशासन | सा प्र | | ८ | ० | ० | ० | तहबृद्दी भई पाचौ कायम भएको |
| १९ | स.ले.प | ४ | प्रशासन | लेखा | - | १ | ० | ० | ० | रिक्त दरबन्दी |
| २० | स.म..वि.नि. | ४ | विविध | - | - | १ | ० | ० | ० | तहबृद्दी भई पाचौ कायम भएको |
| २१ | अ.सव-इन्जिनियर वडा | ४ | इन्जि | सिभिल | - | ५ | ० | ० | ० | तहबृद्दी भई पाचौ कायम भएको |
| कृषि सेवा तर्फ | | | | | | | | | | |
| १ | कृषि अधिकृत | ७/८ | कृषि सेवा | | | १ | १ | १ | २ | नभएकोले छैठौ बाट पदपूर्ति भएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सहायक | ५ | कृषि सेवा | | | २ | १ | ० | १ | अध्ययन विदामा १ वटा रिक्त |
| ३ | सहायक | ४ | कृषि सेवा | | | १ | १ | ३ | ४ | |
| पशु सेवा तर्फ | | | | | | | | | | |
| १ | अधिकृत | ९/१० | कृषि सेवा | लोपोडेडे | | १ | १ | ० | १ | |
| २ | सहायक | ५ | कृषि सेवा | भेट | प.स्वा.प्रा | १ | १ | ० | १ | तह बृद्दी भई छैठौ हुन भएको |
| ३ | सहायक | ५ | कृषि सेवा | लापोडेडे | प.से.प्रा | १ | ० | ० | ० | समायोजन ५ बाट भई हाल छैठौ तह |
| ४ | सहायक | ५ | कृषि सेवा | मत्स्य | प्रा.स. | १ | ० | ० | ० | रिक्त दरबन्दी |
| ५ | सहायक | ४ | कृषि सेवा | भेट | ना.प.स्वा | १ | ० | २ | २ | |
| ६ | सहायक | ४ | कृषि सेवा | लापोडेडे | प.से.प्रा | १ | ० | २ | २ | |
| अन्य जनशक्ति | | | | | | | | | | |
| १ | स क अ | ४ | विविध | - | | - | ० | ६ | ६ | |
| २ | सामाजिक परिचालक | - | विविध | - | - | - | ० | ० | ० | |
| ३ | अमिन | ४ | सर्भे | | | - | ० | २ | २ | |
| ४ | ईलेक्ट्रिसियन | ४ | | | | | - | १ | १ | |
| ५ | हल्का सवारी चालक | - | - | - | - | - | - | ६ | ६ | |
| ७ | अग्नी नियन्त्रक | | | | | | ० | २ | २ | |
| ८ | का.स वडा समेत | | | | | | २ | १९ | २१ | |
| ९ | स्विपर | | | | | | ० | ६ | ६ | |
| १० | सुरक्षा गार्ड | | | | | | ० | ३ | ३ | |
| विभिन्न कार्यक्रम तर्फ कार्यरत कर्मचारी | | | | | | | | | | |
| सम्बृद्दिका लागि बन | | | | | | | | | | |
| १ | अधिकृत | ६ | प्राविधिक | | | | | १ | १ | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रोजगार संयोजक | ६ | | | | | | १ | १ | |
| २ | रोजगार सहायक | ५ | | | | | | १ | १ | |
| ३ | प्राविधिक सहायक | ५ | | | | | | १ | १ | |
| Mis Operator | | | | | | | | | | |
| १ | एम आई एस अपरेटर | ५ | | | | | | २ | २ | |
| २ | एम आई एस अपरेटर सहायक | ४ | | | | | | १ | १ | |
| उद्यम विकास तर्फ | | | | | | | | | | |
| १ | उद्यम विकास सहजकर्ता | | | | | | | २ | २ | |

**स्वास्थ्य तर्फ**

| क्र.सं. | पद | श्रेणी, तह | सेवा | समूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | जन स्वास्थ्य अधिकृत | सातौ | स्वास्थ्य | हे इ | १ | ० | १ |
| २ | हे अ | पाँचौ/छैठौ/सातौ | स्वास्थ्य | हे इ | ६ | ५ | १ |
| ३ | प हे न | पाँचौ/छैठौ | स्वास्थ्य | | १ | ० | १ |
| ४ | अ हे व | चौथो /पाँचौ /छैठौ | स्वास्थ्य | | ६ | ७ | ० |
| ५ | अनमी | चौथो /पाँचौ /छैठौ | स्वास्थ्य | | ६ | ६ | ० |
| ६ | रेडियो ग्राफर | चौथो /पाँचौ | | | १ | ० | १ |
| ७ | कार्यालय सहयोगी | श्रेणिविहिन | प्रशासन | | ३ | २ | १ |

## ५. वडा कार्यालयमा सेवा प्रवाहको स्थिति

वडा कार्यालयमा सेवा प्रवाहको लागि भौतिक सुविधाको अवस्था

| विवरण | संख्या | भवन संरचना (पक्की/कच्ची) | स्वामित्व (आफ्नै वा भाडामा) | कैफियत |
|---|---|---|---|---|
| वडा कार्यालय भवन | ९ | पक्की | आफ्नै | |

## ६. वडा कार्यालयले प्रदान गर्ने सेवाको जानकारी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा १२ बमोजिम वडा भित्रका योजना तर्जुमा, कार्यावयन तथा अनुगमन, तथ्याकं अद्यावधिक तथा संरक्षण, विकासका गतिविधि सञ्चालन, वडा भित्रका नियमन कार्य सञ्चालन, नागरिकता, नाता प्रमाणित लगायतका सिफारिस तथा प्रमाणित गर्ने र व्यक्तिगत घटना दर्ताको अभिलेख राख्ने जस्ता सेवाहरू प्रवाह गर्दछ।

आ.व. २०८२/८३ को बार्षिक समिक्षा गोष्ठीमा शाखागत र वडागत रुपमा बार्षिक वित्तिय तथा भौतिक प्रगतिको शारांसगत विवरण देहाय बमोजिम रहेको छ।

## १. आ.व. २०८२/८३ मा नगरपालिकाको राजस्व

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ को दफा ५४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका कर लगाउन पाउने व्यबस्था बमोजीम दफा ५५ देखि ६२ सम्मका सम्पत्तिकर, मालपोत, घरजग्गा बहाल कर, व्यबसाय कर, बहाल बिरौटी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, सेवा शुल्क, नदीजन्य पदार्थ लगायतका कर उठाउन सक्ने व्यवस्था रहेको छ र सोहि बमोजिम यस नगरपालिकाले पनि करहरूको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको शुल्क उठाउने गरेको छ।

**वडागत राजस्वको विवरण**

| वडा न. | राजस्व असुली रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|
| १ | ४४७३७० | |
| २ | १४९०४९७.७० | |
| ३ | २४५६६८५.४० | |
| ४ | १८८३९२० | |
| ५ | १५०३५५१.५० | |
| ६ | १५१७७८३.२० | |
| ७ | १२२८९०४.४० | |
| ८ | २२३६७७४.४० | |
| ९ | १९१९३९२.४० | |
| जम्मा | १४६८४८७९ | |

| नदीजन्य आय ठेक्काबाट प्राप्त रकम- २०८२/८३ | | | | | |
|---|---|---|---|---|---|
| ठेकेदार/कम्पनी/ नदीको नाम | | कबोल अंक | प्राप्त रकम | प्राप्त हुन बाँकी | प्रगति (%) |
| | | ० | ० | ० | ० |
| | | ० | ० | ० | ० |
| | | ० | ० | ० | ० |
| जम्मा | | ० | ० | ० | ० |
| जरिवाना, उभोस. तथा वेवारीसे विक्रिबाट प्राप्त आय रकम | | ० | ० | ० | ० |
| कूल जम्मा | | ० | ० | ० | ० |

**आन्तरीक शिर्षकगत विवरण**

| सि.नं. | आम्दानी शीर्षक | अनुमान | यथार्थ आम्दानी |
|---|---|---|---|
| १ | भुमिकर/मालपोत | ८,०००,०००.०० | ७,८७०,६९७.६० |
| २ | वहाल कर | ३,५००,०००.०० | ३,५९८,९२७.४४ |
| ३ | अन्य सेवा शुल्क (नदीजन्य पदार्थ बिक्रीबाट) | ५००,०००.०० | ४२७,५००.०० |
| ४ | सिफारिश दस्तुर | ५,०००,०००.०० | ४,४९९,७५६.०० |
| ५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ८००,०००.०० | ६८८,३५०.०० |
| ६ | वहाल विटौरी कर | ५००,०००.०० | ५६४,८८०.०० |
| ७ | अन्य दस्तुर | १,५००,०००.०० | १,३६४,१६०.०० |
| ८ | प्रशासनिक दण्ड जरिवाना र जफत | १,०००,०००.०० | १,१०७,१६८.०० |
| ९ | व्यवसाय कर | ४,०००,०००.०० | ३,६९९,४५०.०० |
| १० | गत: मौज्दात अल्या | १२१,०००,०००.०० | ११२,५३५,९९०.४८ |
| | जम्मा | १६१,०००,०००.०० | १५२,७३१,२८०.१२ |

अनुमानित गरेको राजस्व भन्दा कम राजस्व उठेको विवरण यस तथ्याङ्कले देखाएको छ। यसो हुनुमा विस्तृत अध्ययन, अनुसन्धान नगरी राजश्व अनुमान गरीनु, करदाता शिक्षाका लागु नहुनु, करको दरभन्दा दायरा बढाउन तर्फ विशेष ध्यान नदिनु, प्राय: जसो व्यवसायहरू करमा समावेश नगरीनु जस्ता कारणहरू समेत रहेको देखिन्छ।

## २. न्याय कानुन तथा मानव अधिकार प्रबर्धन शाखा (न्यायीक समिति)

नेपालको संविधानको धारा २१७ मा व्यबस्था भए बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन परिच्छेद र ८ मा स्थानीय तहमा एक न्यायीक समिति रहने व्यबस्था छ। सो ऐनको दफा ४७ मा न्यायिक समितिलाई १३ वटा विवादको निरुपण गर्ने र १० वटा विवादलाई मेलमिलाप मार्फत विवादको निरुपण गर्ने अधिकार प्रदान गरेको छ।

स्थानीय तहमा यसरी कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक तिनै किसीमको कार्य गर्ने व्यबस्था नेपालको संविधान २०७२ ले ल्याएको हो। यसरी स्थानीय तहमै स–साना विवाद निरुपण हुदाँ अदालतमा कार्यचाप घट्ने, स्थानीय वासीन्दालाई नगरपालिका प्रति अपनत्व बोध हुने अनावश्यक खर्चबाट बच्न सहज

हुन्छ।

आ.व. २०८२/८३ मा यस नगरपालिकामा रहेको न्यायीक समितिले गरेको  न्यायसम्पादनको विवरण देहाय बमोजिम रहेको छ।

| गत: बर्षको अ.ल्या. संख्या | आर्थिक वर्ष २०८२/८३ मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला अदालतमा सिफारिस गरिएका निवेदन संख्या | दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|---|
| ७ | ३९ | ४६ | ० | २ | ७ | |

गाउँ-घरमा घटेका साना-तीना विवादलाई मेलमिलाप मार्फत विवादको निरुपण गर्न सहज र सजिलो हुने हिसाबले आ.व. २०८२/०८३ मा नगरपालिका उप प्रमुख तथा वडा नं. १ देखि ९ का मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरु समेत कूल ३८ जनालाई **३ दिने न्याय सम्पादन सम्बन्धी तालिम** दिईएको थियो।

## ३. कार्यपालिका र वडा स्तर बैठक सम्बन्धी

कार्यालयमा कुनै पनि महत्वपूर्ण विषयमा छलफल गर्न वा महत्वपूर्ण निर्णय गर्नको लागि सो क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको सुझाव वा जानकारीका लागि बैठक बस्ने गर्दछ। यसरी बैठक बसेपछि सो को अभिलेख राख्ने गरिन्छ। हरेक नगरपालिकामा गाउँसभाको बैठक सामान्यतया वर्षको २ पटक बस्ने गर्दछ। गाउँसभाले बजेट अधिवेशनमा आगामी आ.व.को लागि बजेट ल्याउने र हिउँदे अधिवेशनमा कुनै कारणबस सञ्चालन हुन नसकेका योजनाहरू संशोधन गर्ने र नपुग शिर्षकमा कानुन बमोजिम रकमान्तर गर्ने र आवश्यक कानून (ऐन तथा रणनीतिक योजना) निर्माण पारित गर्ने गर्दछ। कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने गर्दछ। कार्यपालिकाले काम गर्ने क्रममा देखा परेका समस्या समाधानका लागि निर्णयहरू गर्ने गर्दछ। साथै विषयगत समितिको बैठक आवश्यकता अनुसार बस्ने व्यवस्था रहेको छ। यसरी आ.व. २०८२/०८३ मा यस नगरपालिकामा बसेको बैठकको विवरण देहाय वमोजिम उल्लेख रहेको छ।

| सि.नं. | बैठकको विवरण | बैठक संख्या |
|---|---|---|
| १ | गाउँ सभा | २ पटक |
| २ | कार्यपालिका | १९ |
| ५ | खरिद मूल्याङ्कन समिति | ३५ |
| ६ | विषयगत तथा अन्य बैठक | ३४४ |
| ७ | वडा कार्यालय | २३४ |

## ४. सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

सङ्घ र प्रदेश कानूनको अधिनमा रही यस नगरपालिका भित्र स्थायी बसोबास गर्ने ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गगता भएका व्यक्तिहरू, दलित बालबालिकाको लगत राखि सामाजिक सुरक्षाको वितरण तथा व्यवस्थापन गर्ने कार्य सामाजिक सुरक्षा शाखा अन्तर्गत पर्दछ। गत आ.व. मा रु. २४,९८,६७,७४४।– (चौविस करोड अनठानब्बे लाख सरसठ्ठी हजार सात सय चौवालिस) रुपैयाँ सामाजिक सुरक्षा बापतको रकम वितरण गरेको देहायको तथ्याङ्कले देखाएको छ।

| क्र.सं. | सामाजिक सुरक्षाको क्षेत्र | खर्च रकम |
|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ माथि) | १६३७४५१३१ |
| २ | जेष्ठ नागरिक दलित (६० माथि) | १०७८०९८० |
| ३ | एकल महिला (६० माथि) | १४६०२२९९ |
| ४ | विद्यवा महिला | २९०२४७२८ |
| ५ | अपाङ्ग पूर्ण | ८९४४२५० |
| ६ | अपाङ्ग आशिंक | १२७१९०५६ |
| ७ | लोपोन्मुख | ६४३५८७० |
| ८ | दलित बालबालिका पोषण | ३६१५४३० |
| | जम्मा | २४,९८,६७,७४४। |

यसैगरी व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध बिच्छेद र धर्मपुत्र र धर्मपुत्रीको दर्ता, अभिलेख व्यवस्थापन र प्रतिवेदन लगायतका कार्य पञ्जिकरण शाखाको मातहतमा वडा सचिवहरूले गर्ने गर्दछन । हाल नगरपालिकामा अनलाइन प्रणालीबाट घटना दर्ता गर्ने गरीएको छ । गत आ.व.मा यस नगरपालिकामा २८७५० वटा घटना दर्ता भएको देहायको तालिकाले देखाएको छ।

| पञ्जिकरणको क्षेत्र/वडा नं. | जन्मदर्ता | मृत्युदर्ता | विवाह दर्ता | सम्बन्ध विच्छेद | बसाइसराई दर्ता संख्या | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ४२९ | १२७ | १७१ | २४ | ४८८ | १२३९ |
| २ | १३७९ | ३८१ | ६५४ | ४२ | १२२९ | ३६८५ |
| ३ | १५०३ | ४२९ | ६५७ | ४१ | ११५१ | ३७८१ |
| ४ | १५४८ | ४६९ | ७६४ | ५१ | १०४७ | ३८७९ |
| ५ | ११११ | ३०८ | ५०६ | ४१ | ११६६ | ३१३२ |
| ६ | १३४३ | ४१८ | ६१० | ३९ | ८०९ | ३२१९ |
| ७ | ७९५ | २२४ | ४०६ | २२ | २७५ | १७२२ |
| ८ | १४९० | ४१३ | ६६७ | ४४ | १११५ | ३७२९ |
| ९ | १५८९ | ४०९ | ७५६ | ५० | १५६० | ४३६४ |
| जम्मा | १११८७ | ३१७८ | ५१९१ | ३५४ | ८८४० | २८७५० |

## ५. उजुरी पेटीका/गुनासो सुनुवाई

नागरिकका गुनासोलाई सम्बोधन गरी जनमैत्री सेवा प्रवाह गर्नका लागि नगरपालिकामा गुनासो दर्ताका लागि उजुरी पेटीका- १ तथा नगरपालिकाको Website मा रहेको Apps बाट समेत गुनासोहरू सुन्ने र दर्ता गर्ने गरिएको छ। आ.व. २०८२/८३ मा कूनै पनि गुनासाहरू दर्ता भएको देखिएन।

## ६. योजना तथा पूर्वाधार शाखाको वार्षिक प्रगति विवरण

पूर्वाधार शाखा अन्तर्गत सडक, खानेपानी, सिंचाइ, विद्युत लगायतका अन्य भौतिक संरचनाहरूको निर्माण तथा मर्मत संभार गर्ने कार्य पर्दछ। यस नगरपालिकामा कतिपय विकास निर्माणका कार्यक्रमहरू टोल विकास संस्था र बडगर मार्फत गरिन्छ भने कतिपय विकासका कार्यक्रमहरू ठेक्का एवम् शिलवन्दी कोटेशन मार्फत गरिन्छ । यसैगरी आ.व. २०८२/८३ मा यस नगरपालिकाको योजना तथा पूर्वाधार शाखाबाट सम्पादित आयोजना तथा कार्यक्रमको एकिकृत भौतिक तथा वित्तीय प्रगतिको अवस्था देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| सि.नं. | बजेट उपशिर्षक | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | कूल आयोजना/ कार्यक्रम संख्या | बजेट | आयोजना/ कार्यक्रम संख्या | | वित्तिय प्रगति% | भौतिक प्रगति% |
| १ | बाँसगढी नगरपालिका | १८५ | ३३८,८०३,९३१.५५ | १८५ | | ९१ | ९८ |
| २ | बाँसगढी नगरपालिकावडा नं.१ | ५ | ३,०२२,०३९.०० | ५ | | ६२.३० | ६१ |
| ३ | बाँसगढी नगरपालिकावडा नं.२ | १४ | ५,५७६,७६६.०० | १४ | | ९८.३५ | १०० |
| ४ | बाँसगढी नगरपालिकावडा नं.३ | २३ | ४,२६५,६२४.०० | २३ | | ९४.५५ | १०० |
| ५ | बाँसगढी नगरपालिकावडा नं.४ | १४ | ५,१७३,९१४.०० | १४ | | ९२.१५ | ९३ |
| ६ | बाँसगढी नगरपालिकावडा नं.५ | १९ | ४,४३०,५२६.०० | १९ | | ९७.७९ | १०० |
| ७ | बाँसगढी नगरपालिकावडा नं.६ | १८ | ५,४०७,७०१.०० | १८ | | ९७.५५ | १०० |
| ८ | बाँसगढी नगरपालिकावडा नं.७ | १३ | ३,६७३,०६७.०० | १३ | | ८०.८४ | ९२ |
| ९ | बाँसगढी नगरपालिकावडा नं.८ | २१ | ४,२३९,०००.०० | २१ | | ९५.५४ | १०० |
| १० | बाँसगढी नगरपालिकावडा नं.९ | १५ | ३,४९५,५२८.०० | १५ | | ९६.०५ | १०० |
| ११ | बाँसगढी नगरपालिका - शिक्षा | २५ | ३४,३१३,१४०.०० | २५ | | ९०.९ | १०० |
| १२ | बाँसगढी नगरपालिका - स्वास्थ्य | ५३ | १६,९३७,००३.९९ | ५३ | | ९३.५७ | १०० |
| १३ | बाँसगढी नगरपालिका - कृषि | १५ | २,६२९,६२८.०० | १५ | | ६५.७३ | १०० |
| १४ | बाँसगढी नगरपालिका - पशु | १४ | ९,४९१,७३९.०० | १४ | | ९६.८५ | १०० |
| १५ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १२ | ३१२,७२३,६६५.५१ | १२ | | ९१ | १०० |
| १६ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ७ | ६,५९०,०३९.०० | ७ | | ५९.९१ | ८५ |
| १७ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | १ | १,७००,०००.०० | १ | | १०० | १०० |
| १८ | सडक बोर्ड नेपाल | ३ | २०,२७,७२६ | ३ | | १०० | १०० |
| १९ | समपुरक आयोजना- प्रदेश | १ | १६३८२००१.०० | १ | | १०० | १०० |
| | जम्मा | १८५ | ७९१,०३८,२९२.०५ | १८५ | | ८९.०६ | ९६.८० |

| सि.नं. | बजेट उपशिर्षक | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|
| | | कूल आयोजना/कार्यक्रम संख्या | बजेट | आयोजना/कार्यक्रम संख्या | | वित्तिय प्रगति% | भौतिक प्रगति% |
| **क्रमागत आयोजनाहरु** | | | | | | | |

| कूल आयोजना संख्या | ठेक्का अङ्क | यस आ.व.मा सम्पन्न | हालसम्म खर्च | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | आर्थिक | भौतिक | |
| २४ | | १४ | | ५५ | ७३ | |

## क्षेत्रगत एकिकृत विवरण

| सि.न. | विकास क्षेत्र | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | बाटो कालोपत्रे | मि. | ४५०० | |
| २ | बाटो ग्रावेल तथा स्तरोन्नती | मि. | ३२६५ | |
| ३ | नयाँ बाटो निर्माण (Track Open) | मि. | ९९८ | |
| ४ | PCC बाटो | मि. | २३४५ | |
| ५ | कल्भर्ट (Slab/Box) निर्माण | ओटा | २ | |
| ६ | कल्भर्ट मर्मत | ओटा | २ | |
| ७ | नयाँ भवन निर्माण अन्य | ओटा | ७ | |
| ८ | बर्थिङ्ग सेन्टर | गोटा | १ | |
| ९ | नयाँ भवन निर्माण विद्यालय | ओटा | ४ | |
| १० | पुराना भवन मर्मत | ओटा | ४ | |
| ११ | भुयार थान निर्माण/मन्दिर/मस्जिद निर्माण | ओटा | ६ | |
| १२ | प्रतिक्षालय/चौतारी निर्माण | ओटा | ३ | |
| १३ | सार्वजनिक/सामुदायिक भवनमा शौचालय | ओटा | २ | |
| १४ | पक्कि नाली | मि. | ६५० | |
| १५ | कच्ची नाली | मि. | ३६००० | |
| १६ | पर्खाल निर्माण | मि. | ३६०० | |
| १७ | ग्याबिन जालीको काम | गोटा | ८०० | |
| १८ | ह्युम पाइप खरिद | गोटा | १४० | |
| १९ | गेट निर्माण | ओटा | ० | |
| २० | बोरिंग जडान | ओटा | ५ | |
| २१ | माटो पटान | घ.मि. | २५६०० | |
| २२ | धारा वितरण | ओटा | ० | |
| २३ | कजवे/डाइभर्सन | ओटा | २ | |
| २४ | सिंचाई कुलो | मि. | २४०० | |
| २५ | चिलिंग मेसिन | गोटा | ० | |
| २६ | विद्युत पोल, ट्रान्सफरमर तथा ब्याकअप | गोटा | १८० | |

| सि.न. | विकास क्षेत्र | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| २७ | सोलार | गोटा | ० | |
| २८ | वैकल्पिक ऊर्जा:- सुधारिएको चुलो | गोटा | ५०० | |
| २९ | IEE तथा DPR निर्माण | गोटा | ३ | |

योजना तथा पूर्वाधार शाखाको भौतिक प्रगतिमा सडक कालोपत्रे, नयाँ सडक निर्माण, स्तरोन्नति, ग्राभेल, PCC, जाली भर्ने काम, विद्युत पोल, ट्रान्सफरमर, सिंचाईकूलो, नाली निर्माण, भवन निर्माण, सरकारी भवन मर्मत संभार, जस्तापाता, DPR, बर्थिङ्ग सेन्टर भवन निर्माण लगायतका विभिन्न पूर्वाधार सम्बन्धी कार्य भएको देखिन्छ। यस्तै खानेपानीमा धारा खरिद, चिलिङ्ग मेशिन लगायतका विभिन्न कार्यहरू भएको देखिन्छ। समग्रमा हेर्दा यस नगरपालिकाको भौतिक प्रगति सन्तोषजनक रुपमा देख्न सकिन्छ। नगरपालिकाको विकास निर्माणका कार्यमा जनप्रतिनीधि, कर्मचारी एवम् टोल विकास संस्था सबैको सकारात्मक चासो रहेको देखिन्छ।

त्यसै गरी योजना शाखा तथा अन्य शाखाबाट आ.व. २०८२/०८३ मा सम्पादित कार्यको पूर्वाधार तथा अन्य आ.व. २०८२/०८३ का कार्यक्रमहरुको कूल ८०.४३% वित्तिय तथा ७३.५४% भौतिक प्रगति भएको छ भने क्रमागत गत विगतका कूल अधुरा आयोजना संख्या ६ मध्ये २ मात्र सम्पन्न भएको र हालसम्म क्रमागत आयोजनाहरुको वित्तिय ४६.१४% र भौंतिक ५१% मात्र प्रगति भएको देखिन्छ।

**आयोजना तथा कार्यक्रम सञ्चालन प्रकृया**

| ठेक्का-पट्टा | बरघर संस्था/टोल विकास / उपभोक्ता समिति | सोझै तथा परामर्श समेत | अमानत | कूल संख्या |
|---|---|---|---|---|
| ४१ | १०८ | ३० | २ | १८१ |

**७. आर्थिक प्रशासन शाखा :-** आ.व. २०८२/०८३ को समग्र आर्थिक अवस्था देहाय वमोजिम रहेको छ

(रकम रु)

| सि.नं. | बजेटको स्रोत | स्रोत विवरण | कूल आम्दानी |
|---|---|---|---|
| १ | नेपाल सरकार | समानीकरण अनुदान | ४६४,३७७,११५.५१ |
| २ | नेपाल सरकार | शसर्त अनुदान | ४३७७२४०६५.५१ |
| ३ | लुम्बिनी प्रदेश | समानीकरण अनुदान | १०,७१३,०००.०० |
| ४ | लुम्बिनी प्रदेश | शसर्त अनुदान चालु | ० |
| ५ | लुम्बिनी प्रदेश | शसर्त अनुदान पुँजीगत | ६,५९०,०३९.०० |
| ६ | लुम्बिनी प्रदेश | विषेश अनुदान चालु | ० |
| ७ | लुम्बिनी प्रदेश | विषेश अनुदान पुँजीगत | १,७००,०००.०० |
| ८ | लुम्बिनी प्रदेश | समपुरक अनुदान पुँजीगत | १,७००,०००.०० |
| ९ | नेपाल सरकार | विशेष अनुदान पूँजीगत | ८,९००,०००.०० |

| | | | |
|---|---|---|---|
| १० | राजस्व बाँडफाँड (संघीय + प्रदेश सरकार) | राजस्व बाँडफाँड | १७९,६६७,६८०.३४ |
| ११ | आन्तरिक श्रोत (अ. ल्या. समेत) | आन्तरिक श्रोत | १५२,७३१,२८०.१२ |
| | | जम्मा | ८२३,७११,११५.९७ |

**समग्र खर्च प्रगतिको अवस्था**

| | | | | रु. हजारमा |
|---|---|---|---|---|
| सि.नं. | शीर्षक | कूल बार्षिक बजेट | प्रगति | |
| | | | खर्च | खर्च (%) |
| १ | चालु | ५१३,६२३,000.00 | ४७०,६३८,५८६.०५ | ९१.६३ |
| २ | पूंजीगत | ३७४,५७९,000.00 | ३२०,३९९,७०६.०० | ८५.५४ |
| | कुल जम्मा | ८८८,२०२,000.00 | ७९१,०३८,२९२.०५ | ८९.०६ |

प्रस्तुत तथ्याङ्क अनुसार आ.व. २०८२/०८३ को कूल बजेटको ८९.०६% खर्च भएको देखिन्छ । जसमध्ये चालु बजेट खर्च तर्फ ९२.६३% र पूंजिगत खर्च तर्फ ८५.५४% मात्र खर्च भएको देखिन्छ । यसरी कूल बजेट खर्च अनुमानको तुलनामा खर्च कम हुनुका कारण कार्यक्रम तथा कार्यक्रमको लागि प्रस्तावित बजेटको बीचमा कम तालमेल हुनु, कार्यक्रमहरू वास्तविक लागत अनुमानमा आधारीत नभई अनुमानको आधारमा बजेट प्रस्ताव गरिनु ईत्यादी प्रमुख कारणहरु रहेको देखिन्छ ।

**क्षेत्रगत बजेट बिनियोजनका आधारमा प्रगति विवरण**

| | | | | रु. हजारमा |
|---|---|---|---|---|
| सि.नं. | क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | ५,६८,३३,००० | ५,०४,७९,०९३ | ८८.८२ |
| २ | सामाजिक विकास | ४०,६०,०४,००० | ३७,३०,०८,३४२ | ९१.८७ |
| ३ | पूर्वाधार विकास | २७,७४,३७,००० | २३,७५,२७,०९५ | ८५.६१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३८,१२,००० | ९१,९१,१४१ | ६६.५४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,४१,१६,००० | १२,०८,३२,६२१ | ९०.०१ |
| | कुल जम्मा | ८८,८२,०२,००० | ७९,१०,३८,२९२ | ८९.०६ |

नगरपालिकाको विकासलाई समानुपातिक रुपमा विकास गर्नको लागि बजेटलाई विभिन्न ५ क्षेत्र (क्रमशः आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन र प्रशासनिक) मा विभाजन गरी बजेट बिनियोजन गर्ने गरिन्छ । यसरी बजेट विनियोजन गर्दा बजेटले सबै क्षेत्रलाई समेटी विकासमा जनसहभागिता बढी हुने, जनताले विकासको अनुभूति प्राप्त गर्ने, साधन श्रोतको उपयोग हुने र विकासलाई तुलना गर्न सहज हुन जान्छ जसले गर्दा पिछडीएका क्षेत्रलाई बढी प्राथमिकतामा राखेर बजेट बिनियोजन गर्न सहज हुन जान्छ ।

## ८. आन्तरीक लेखापरीक्षण शाखा

यस शाखाको गठन नगरपालिकाको उदेश्य र क्रियाकलापलाई ध्यानमा राखी सङगठनभित्रकै जनशक्तिबाट आर्थिक कारोबारको विस्तृत रूपमा जाँच गरि आलोचना गर्ने, ब्यवस्थापकलाई सुझाब प्रदान गर्ने र आवश्यक सुधारको पहल गर्न नगरपालिकामा छुट्टै आन्तरीक लेखापरीक्षण शाखाको स्थापना भएको छ । यस शाखाको मूख्य उद्देश्य नियमितता, गणितीय शुद्धता, बजेट सिमा, आन्तरिक नियन्त्रण प्रणाली र कानुनको

परिपालना जस्ता विषयलाई मूख्य रुपमा हेर्ने गर्दछ । आन्तरिक लेखापरीक्षण सामन्यत: मासिक, चौमासिक वा बार्षिक रूपमा गर्ने गरिन्छ ।

## ९. सूचना तथा प्रविधि शाखा

गुणस्तरिय सेवाका लागि सूचना तथा संचार प्रविधिको प्रयोगवाट चुस्त दुरुस्त सेवा नागरिकहरुलाई छिटो छरितो तवरबाट प्रदान गर्न र जनताको नजिक भएर स्थानीय निकायहरुमा सूचना तथा संचार प्रविधिको प्रयोग तथा सूचना प्रवाहका लागि यो शाखाको स्थापना नगरपालिकामा भएको छ ।

कार्यालयका चिठी, प्रतिवेदन, फारम, गतिविधि, योजना, वैठकका निर्णय लगायत विविध विषयहरुलाई कम्प्यूटरमा प्रविष्ट गरि मागेको समयमा सूचना दिनु, कागजी प्रयोगलाई कम गर्ने कार्यलाई प्रोत्साहन दिदै वेभसाईट, एसएमएस मार्फत सूचना प्रवाह गर्नु यस शाखाको मूख्य कार्य रहेको छ ।
आ.व. २०८२/०८३ मा यस शाखाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन :-

| मुख्य कार्यहरु |
|---|
| आर्थिक ऐन , नीति तथा कार्यक्रम , वजेट व्यक्तव्य अपडेट |
| राजश्व सफ्टेयर अपडेट । |
| पालिकाको वेवसाइटमा सवै कार्यपालिका बैठकहरु /ऐन,नियम,कार्यविधिहरु अपडेट |
| बिभिन्न सञ्चार मध्यमको प्रयोग गरि सुचना प्रकाशन । |
| LISA र FRA को नतिजा प्रकाशन |
| त्रैमासिक स्वत प्रकासन |
| सम्पत्ती विवरण अपडेट |
| गुनसो मोवाइ एप्स /web base अपडेट |
| नगरपालिका नेटवार्किंग विस्तार /मर्मत |
| विभिन्न बैठकहरुलाई विभिन्न संचार माध्यमको सहयोगमा प्रत्यक्ष प्रशारण |

## १०. वडा नं. १ कार्यालय

कोहलपुर देखि ३२ कि.मि उत्तर र सुर्खेत देखि ४८ कि.मि दक्षिणमा रहेको यस बाँसगढी नगरपालिका वाड नं. १ पुर्वमा सल्यानको कालिमाटि गाँउ पालिका, पश्चिममा रत्नराजमार्ग सगं जोडिएको बर्दिया राष्ट्रिय निकुञ्ज, उत्तरमा हर्रे डाडा र दक्षिणमा बाँकेराष्ट्रिय निकुञ्जको देउराली डाडा यसको सिमाना रहेको छ । दाङ्गबाट आउने बबई नदिको किनारमा रहेको यस ठाउ पर्यटकिय क्षेत्रको रुपमा रहेको छ । चारैतिर डाँडा रहेको यो बबई उपत्यका चेपाङ्ग भनेर चिनिन्छ । यहाको मुख्य पेसा कृषि, पशुपालन र व्यापार व्यवसाय नै हो । यहाँआजसम्म पनि भुमि स्वमित्व विहिन छन । यो वडा नै पुर्ण जङगलाद ऐलानी रहेको छ ।

२०२४ सालको पञ्चायती व्यवस्थाको समयमा शाहि बर्दिया राष्ट्रिय निकुञ्ज घोषणा हुनु अगावैयो रत्नराजमार्गको तलतिरको बस्ति र माथितिरको बस्तिलाई सानोश्री गाउँ पञ्चायतको नामले चिनिन्थ्यो । रत्नराजमार्गको तलतिरको बस्तिलाई व्यवस्थापन गरी सो स्थानलाई निकुञ्ज स्थापित गर्नको निमित्त त्यस बस्तिका बासिन्दाहरुलाई १५ महिनासम्म अर्को ठाउँमा स्थानान्तर नहुन्जेलसम्म रासन पानीको समेत व्यवस्था गरेको थियो । १५ महिनाको अवधि पश्चात २०३२ सालमा रत्नराजमार्गको तलतिरको सानो श्री गाउँ पञ्चायतको नामले परिचित बस्तिलाई हालको ताराताल नामलेप्रख्यात अर्थात हालकोमधुवन नगरपालिका

भन्नेठाउँमा बस्ति ब्यबस्थापन गरिएकोथियो। त्यस पछि बस्ति उठाएर उक्त ठाउमा शान्तिपुर बर्दिया राष्ट्रिय निकुञ्ज स्थापना गरियो । रत्नराजमार्गको माथितिरको बचेको सानो श्री पञ्चायतको केहि बस्तिलाई २०४२/२०४३ सालमा वेलवा पञ्चायतको वडा नं. ०७ को (ख) मा गाभिएको थियो । रत्न राजमार्गको तलतिरको बस्ति व्यवस्थापन हुँ दाखेरी त्यतीखेरकोश्री लक्ष्मी प्रा.वि लाई छुटेकोरत्न राजमार्गकोमाथितिरकोबस्तिमा स्थापित गरिएकोथियो । त्यस पछि २०४६ सालको जनआन्दोलन पश्चात वेलवा गाउँ पञ्चायतलाई परिमार्जित गरी वेलवा गा.वि.स. नामांकन गरियो । त्यस पछि वेलवा गा.बि.स को वडा नं. ०७ ख को रुपमा स्थापित गरिएको थियो । धैरै लामो समयसम्म भेरिगंगा नगरपालिका पर्ने गेरुवानिकोश्री जनता प्रा.वि. पनि बर्दिया जिल्ला शिक्षा कायार्लय मार्फत चलेको थियो । २०५४ सालमा यस बस्तिमा मध्यवर्तिक्षेत्रको पनि घोषणा भयो । ०६२/०६३ को जनआन्दाले न पश्चात २०६४ सालमा पछि २०७० साल तिर बाँसगढी नगरपालिका घोषणा भयो त्यस पछि पनि यो ठाउ बाँसगढी नगरपालिकाको वाड १ को आधा भाग हुन पुग्यो र पछि संघियताको कार्यान्वयन संगै यो १ नं. वडा अलग्गैहुन पुग्यो ।

आ.व. २०८२/०८३ मा यस वडाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता |
| २ | विभिन्न सिफारिस तथा राजश्व समबन्धी कार्य |
| ३ | कुरिल्ले रिङ रोड निर्माण |
| ४ | विभिन्न बाटो मर्मत तथा सम्भार |
| ५ | बाटुले खेल मैदान निर्माण |
| ६ | इन्द्रेन चोक देखी संगम चौक बाटो निर्माण |
| ७ | खोटे गोरेटो बाटो निर्माण |

वडा नं. १ कार्यालयबाट सम्पादन गरेको कार्यहरुको (प्रशासनीक खर्च वाहेक) आयोजना तथा कार्यक्रमहरुको बार्षिक प्रगति देहाय वमोजिम रहेको छ :-

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|
| ५ | ५ | ३,०२२,०३९.०० | | ६१ | ६२ |

## ११. वडा नं. २ कार्यालय

बाँसगढी नगरपालिका वडा नं २ साविकको बेलवा गा वि स २, ७ र ९ मिलेर वनेको वडा हो । यस वडा कार्यालय उत्तरी अक्षांस $28^0$ 14'55",पुर्वि देशान्तर र समुन्द्रि सतह देखि $81^0$ 34'16'उचाइमा रहेको छ । यस वडा कार्यालय मिति २०७४ साल श्रावण २६ गते उद्घाटन गरीएको हो । यस वडाको आधा भाग पहाडले भरीएको र आधा अधिकांस भु भाग समथर रहेको छ । यस क्षेत्रमा अधिकास भु भागमा बन जंगल र कम मात्रामा आवादि खेती योग्य जमिन रहेको छ । यस वडाको पुर्वमा बाँके जिल्लाको बैजनाथ गाँउपालिकाको वडा नं १ को करेली खोला र वडा नं २ को मानखोलाको भुभाग, पश्चिममा बाँसगढी नगरपालिकाको वडा नं ४ को बिचमा रहेको रेउखोला पर्दछ । उत्तरमा बर्दिया राष्ट्रिय निकुन्जको सवै भाग पर्दछ । दक्षिणमा बाँसगढी नगरपालिकाको वडा नं ३ को माहादेवा, शुन्दरबस्ती, बेलवा, शान्तीपुर पर्दछ बाँसगढी नगरपालिकाको मिति

२०७३।०८।०७ गते बसेको बैठकको निर्णय बमोजिम स्थानिय तह पुर्नर संरचनाको लागी नगरपालिकाको वडा बिभाजन सिफारिस नेपाल सरकारको मिति २०७३।११।२७ को राजपत्रमा प्रकाशित सूचना अनुसार यस वडाको कुल जनसंख्या ५९०२ रहेको छ ।

आ.व. २०८२/०८३ मा यस वडाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | राजपुर, टिकुलिपुर, हर्देवा र माथेबास समेत कूल १७०० मिटर बाटो ग्राबेल |
| २ | समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता |
| ३ | विभिन्न सिफारिस तथा राजश्व समबन्धी कार्य |
| ४ | अक्षेरिया पहाडि गाउँमा सडक ग्राभेल |
| ५ | विभिन्न सडक स्तरउन्नती |
| ६ | विभिन्न स्थान तथा टोलमा विधुत विस्तार |
| ७ | ह्यूम पाइप खरिद तथा जडान |
| ८ | विभिन्न स्थानमा मन्दिर निर्माण तथा मर्मत |
| ९ | विभिन्न खानेपानी मर्मत तथा निर्माण |

वडा नं. २ कार्यालयबाट सम्पादित कार्यहरुको (प्रशासनीक खर्च वाहेक) आयोजना तथा कार्यक्रमहरुको शारांसगत बार्षिक प्रगति देहाय वमोजिम रहेको छ :-

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|
| १९ | १९ | | | | |

## १२. वडा नं. ३ कार्यालय

बाँसगढी नगरपालिका वडा नं ३ साविकको बेलवा गा वि स १,३४ ५ ६ र ८ मिलेर वनेको वडा हो। यस वडा कार्यालय मिति २०७४ साल श्रावण २६ गते उद्घाटन गरीएको हो। यस वडा कार्यालय बाँसगढी नगरपालिकाको सिमाना वडा भनेर समेत चिनिन्छ । यस वडाको अधिकांस भु भाग समथरखेती योग्य जमिन रहेको छ। यस क्षेत्रमा केहि मात्रामा बनको भुभाग छ भने यस क्षेत्र रहको स्थान लाइ नगरकै अधोगिक क्षेत्रको रुपमा चिनिन्छ। यस वडाको पुर्वमा बाँके जिल्लाको बैजनाथ गाँउपालिकाको ६ नं वडाको चाँदनीको भुभाग, पश्चिममा बाँसगढी नगरपालिकाको वडा नं ५ को इलाका बन बाँसगढी र हाउपुर पर्दछ। उत्तरमा बाँसगढी नगरपालिकाको वडा नं २ को बनमुडुवा, नौलाबगिया, अक्षेरिया र वडा नं ४ को मदाहा सुकुम्वासी टोल पर्दछ। दक्षिणमा बढैयाताल गाँउ पालिकाको वडा नं ४ को दक्षिण भकारी पर्दछ। यस वडा क्षेत्रमा वढि जसो थारु जातिको वाहुल्यता छ। बाँसगढी नगरपालिकाको मिति २०७३।०८।०७ गते बसेको बैठकको निर्णय बमोजिम स्थानिय तह पुर्नर संरचनाको लागी नगरपालिकाको वडा बिभाजन सिफारिस नेपाल सरकारको मिति २०७३।११।२७ को राजपत्रमा प्रकाशित सूचना अनुसार यस वडाको कुल जनसंख्या ७३६६ रहेको छ।

आ.व. २०८२/०८३ मा यस वडाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता |
| २ | विभिन्न सिफारिस तथा राजश्व समबन्धी कार्य |
| ३ | वडा भित्रका विभिन्न सडकहरु मर्मत तथा स्तरउन्नती |
| ४ | विभिन्न सडक ग्राभेल तथा माटो पटान |
| ५ | विभिन्न बाटोमा ह्यूम पाइप तथा कल्भर्ट निर्माण |
| ६ | विभिन्न यूवाका लागी सिपमुलक तालिम संचालन |

वडा नं. ३ कार्यालयबाट सम्पादित कार्यहरुको (प्रशासनीक खर्च वाहेक) आयोजना तथा कार्यक्रमहरुको शारांसगत बार्षिक प्रगति देहाय वमोजिम रहेको छ :-

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|
| १७ | १७ | | | | |

## १३. वडा नं. ४ कार्यालय

बाँसगढी नगरपालिका वडा नं ४ साविकको मोतिपुर गा वि स २, ४, ५र ६ मिलेर वनेको वडा हो। यस वडा कार्यालय मिति २०७४ साल असार २३ गते उद्धाटन गरीएको हो । यस वडाको अधिकांस भु भाग समथर रहेको छ। यस क्षेत्रमा अधिकास भु भागमा बन जंगल र केहि भु भाग आवादि खेती योग्य जमिन रहेको छ । यस वडा रेउखोला नदि कटानको उच्च जोखिममा रहेको छ। यस वडाको पुर्वमा बाँसगढी नगरपालिका ३ नं वडाको बनमुडुवा, गिदरहवा, लक्ष्मणपुर पर्दछ । यसको वडाको पश्चिममममा वडा नं ८ को बेलौली दाङपुर भैसासुर र ककौरा पर्दछ। उत्तरमा अधिकांस भुभाग बर्दिया राष्ट्रिय निकुन्ज र वडा नं २ को अमोहिया पर्ने गर्दछ। दक्षिणमा बाँसगढी नगरपालिकाको वडा नं ५ को केदारेश्वरधाम र लक्ष्मणपुर, बाँसगढीको खानेपानी आयोजनार केही भाग मगरपुर समेत पर्ने गर्दछ त्यसै गरी वडा नं ६ को सटहरीया गाँउ समेत पर्दछ।बाँसगढी नगरपालिकाको मिति २०७३।०८।०७ गते बसेको बैठकको निर्णय बमोजिम स्थानिय तह पुर्नर संरचनाको लागी नगरपालिकाको वडा बिभाजन सिफारिस नेपाल सरकारको मिति २०७३।११।२७ को राजपत्रमा प्रकाशित सूचना अनुसार यस वडाको कुल जनसंख्या ७९३८ रहेको छ ।यस वडा क्षेत्रमा वढि जसो क्षेत्री जातिको वाहुल्यता छ । यस क्षेत्रमा संचार सेवाका क्षेत्र पुर्णरुपमा बिस्तार नभइ सकेको छ । यस क्षेत्रको अधिकांस भु भाग निकुन्ज अन्तर्रगत र सामुदायिक बन सँग जोडिएको जंगली जनावरको समेतको त्रास रहदै आएको छ। अझै सम्म यस वडा कार्यालयको आफ्नै वडा कार्यालय भवन निर्माण हुन सकेको छैन। यस वडा कार्यलयमा आधारभुत स्वास्थ्य सेवाको समेत अझै अपुग रहेको छ। वडाका केही स्थान मदाहा, शुन्दरबस्ती, अस्नेरी र बठुवा अव्यवस्थित बसोबासीहरु वसोवास गर्दै आइरहेका छन।

आ.व. २०८२/०८३ मा यस वडाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता |
| २ | विभिन्न सिफारिस तथा राजश्व समबन्धी कार्य |
| ३ | वडा भित्रका विभिन्न सडकहरु मर्मत तथा स्तरउन्नती |

| | |
|---|---|
| ४ | विभिन्न सडक ग्राभेल तथा माटो पटान |
| ५ | विभिन्न बाटोमा ह्यूम पाइप तथा कल्भर्ट निर्माण |
| ६ | विभिन्न यूवाका लागी सिपमुलक तालिम संचालन |
| ७ | समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता |

वडा नं. ४ कार्यालयबाट सम्पादित कार्यहरुको (प्रशासनीक खर्च वाहेक) आयोजना तथा कार्यक्रमहरुको शारांसगत बार्षिक प्रगति देहाय वमोजिम रहेको छ :-

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|
| १८ | १८ | | | | |

## १४. वडा नं. ५ कार्यालय

यस वडा साविकको मोतिपुर गा वि स को वडा नं १, ८ र वडा नं ९ मिलेर बनेको वडा हो। यस वडाको सबै भु भाग समथर फाँट रहेको छ। नगरपालिकाको मुख्य बाँसगढी बजार समेत यसै वडामा रहेको छ। यस वडामा प्रशस्त मात्रामा बन र तालतलैयाहरु, पर्यटकिय स्थलहरु, मठमन्दिरहरु रहेका छन। यहाँ अन्नबालिमा बढी मात्रामा धाँन गँहु मकै लगायतका बिजहरु उत्पादन हुने गर्दछ। यस वडालाइ नगरपालिकाको राजधानी समेत भनेर चिन्ने गरिन्छ। यस वडाको सिमाना पुर्वमा बाँसगढी नगरपालिकाको वडा नं ३ लाइ छोएको केदारेश्वर टोलर केहि भुभाग बढैयाताल गाँउपालिकाको वडा नं ४ पर्दछ। पश्चिममा वडा नं ४ को सिमाना र वडा नं ६ को सिमाना पर्दछ। यस सिमानामा मिलन चोक र सटहरीया गाँउले छोएको छ भने वडा न ६ मा मोतिपुर टोलर बनबिगया टोलले छोएको छ। उत्तरमा बाँसगढी नगरपालिकाको वडा नं ४ को सिमानाले छोएको लक्ष्मणपुर गाँउ र दक्षिण सिमानामा बढैयाताल गाँउपालिकाको वडा नं ४ र ५ पर्दछ।

आ.व. २०८२/०८३ मा यस वडाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता |
| २ | विभिन्न सिफारिस तथा राजश्व समबन्धी कार्य |
| ३ | वडा भित्रका विभिन्न सडकहरु मर्मत तथा स्तरउन्नती |
| ४ | विभिन्न सडक ग्राभेल तथा माटो पटान |

वडा नं. ५ कार्यालयबाट सम्पादित कार्यहरुको (प्रशासनीक खर्च वाहेक) आयोजना तथा कार्यक्रमहरुको शारांसगत बार्षिक प्रगति देहाय वमोजिम रहेको छ :-

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|
| १८ | १८ | | | | |

## १५. वडा नं. ६ कार्यालय

बाँसगढी नगरपालिका वडा नं ६ साविक का मोतिपुर गाविस ३ र ७ मिलेर वनेको वडा हो।यस वडा कार्यालय उत्तरी अक्षांस 28$^{0}$14'13",पुर्वि देशान्तर 81$^{0}$29'16" समुन्द्रि सतह देखि 515ft उचाइमा रहेको छ। यस वडा कार्यालय मिति २०७३।११।१६ गते उद्धाटन गरीएको हो। यस वडाको पूर्व सिमाना मा वडानं ५ को मोतिपुर, पश्चिममा बाँसगढी नगरपालिका को वडानं ७ को डेउढा, उत्तरमा बाँसगढी नगरपालिका वडा नं ८ को ककौरा र दक्षिणमा बढैयाताल गाँउपालिकाको वडा नं ६ को बनबिर पर्नेगर्दछ ।यस वडाको अधिकांश भुभाग समथर रहेकोछ । यस वडा क्षेत्रमा वढि जसो थारु जातिको वाहुल्यता रहेकोछ ।बाँसगढी नगरपालिकाको मिति२०७३।०८।०७ गते बसेको बैठकको निर्णय बमोजिम स्थानिय तह पुर्नरसंरचनाको लागी नगरपालिकाको वडा बिभाजन सिफारिस नेपाल सरकारको मिति २०७३।११।२७ को राजपत्रमा प्रकाशित सूचना अनुसार यस वडाको कुल जनसंख्या ६९६५ रहेकोछ।

।

आ.व. २०८२/०८३ मा यस वडाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता |
| २ | विभिन्न सिफारिस तथा राजश्व समबन्धी कार्य |
| ३ | वडा भित्रका विभिन्न सडकहरु मर्मत तथा स्तरउन्नती |
| ४ | विभिन्न सडक ग्राभेल तथा माटो पटान |
| ५ | विभिन्न बाटोमा ह्यूम पाइप तथा कल्भर्ट निर्माण |
| ६ | विभिन्न यूवाका लागी सिपमुलक तालिम संचालन |
| ७ | समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता |

वडा नं. ६ कार्यालयबाट सम्पादित कार्यहरुको (प्रशासनीक खर्च वाहेक) आयोजना तथा कार्यक्रमहरुको शारांसगत बार्षिक प्रगति देहाय वमोजिम रहेको छ :-

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|
| १४ | १४ | | | | |

## १६. वडा नं. ७ कार्यालय

बाँसगढी नगरपालिका वडानं ७ साविकका गाविस १, ६ र ८ मिलेर वनेको वडा हो । यस वडा कार्यालय २८°२४'३१" उत्तरी अक्षांस ८१°४६'३५" पुर्वि देशान्तर र समुन्द्रि सतह देखि १३६.७ मिटर उचाइ मा रहेकोछ । यो वडा साविक डेउढाकला गाविस को वडानं १, ८ र ६ मिलेर बनेको वडा हो । साविक को डेउढाकला गाविस भवन नै हाल यस वडा कार्यालय को प्रशासनिक भवन हो । यस वडा को सिमाना पूर्व मा दमौली नयाँ वस्ती, पश्चिम मा हरैया गाँउ भागीराम थारुको घर, उत्तर मा राधाकृष्ण टोल को राम हर्कथारु को घर, र दक्षिणमा गौरीपारा गाँउको सिमाना पर्दछ। उत्तरी भागमा यस वडालाइ छिमेकी गाँउपालिका वढैया गाँउपालिका ले छोएको छ। यस वडामा प्रायगरेर थारु, नेपाली, मधेसी आदिभाषा प्राय वोल्ने गरिन्छ। यस वडा क्षेत्रमा वढिजसोम धेसी र थारु जातिको वाहुल्यता बढी रहेकोछ । यस वडाको अधिकांस भुभाग समथर रखेतियोग्य रहेकोछ।

आ.व. २०८२/०८३ मा यस वडाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता |
| २ | विभिन्न सिफारिस तथा राजश्व समबन्धी कार्य |
| ३ | वडा भित्रका विभिन्न सडकहरु मर्मत तथा स्तरउन्नती |
| ४ | विभिन्न सडक ग्राभेल तथा माटो पटान |
| ५ | विभिन्न बाटोमा ह्यूम पाइप तथा कल्भर्ट निर्माण |
| ६ | विभिन्न यूवाका लागी सिपमुलक तालिम संचालन |
| ७ | समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता |

यस वडा कार्यालयबाट आ.व. २०८२/०८३ मा सम्पादित कार्यहरुको (प्रशासनीक खर्च वाहेक) आयोजना तथा कार्यक्रमहरुको शारांसगत बार्षिक प्रगति देहाय वमोजिम रहेको छ :-

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|
| २१ | २१ | | | १०० | १०० |

## १७. वडा नं. ८ कार्यालय

बाँसगढी नगरपालिका वडा नं ८ साविकका गा वि स ५,७ र ९  मिलेर वनेको वडा हो। यस वडा कार्यालय २८°२५'९५" उत्तरी अक्षांस ८१°४९'५८"  पुर्वि देशान्तर र समुन्द्रि सतह देखि १४५.५७ M उचाइमा रहेको छ। यस वडा कार्यालय मिति २०७४ साल श्रावण २६ गते उद्धाटन गरीएको हो। यसको कार्यालय बाँसगढी नगरपालिकाको ८ नं वडाको मध्य बिन्दु स्थान ककौरामा रहेको छ। राणा शासन लागु हुन भन्दा पहिले नै कोके भन्ने नाम गरेका थारु जातीका किसान यस स्थानमा आइ बसोबास गरेका र अन्य किसानहरुलाइ समेत लेराइ बसोबास गराउन थालेका र  निजलाइ बोलाउदै जाँदा कोकुवा कोकुवा भन्दै गएको र पछी गएर ककौरा भन्न थालिएको भन्ने अग्रजहरुको भनाइ छ। यस वडाको अधिकांस भु भाग समथर बनको भु भाग रहेको र केही उत्तरी भु भाग सिमसार क्षेत्र रहेको छ। यस क्षेत्रमा अधिकांस स्थानमा बन र केहि तालतलैया समेत रहेका छन। यस वडाको पुर्वमा बाँसगढी नगरपालिकाको वडा नं ४ को मटेरीया गाँउको भुभाग, पश्चिममा बाँसगढी नगरपालिकाको वडा नं ९ माछागढ पेट्रोल पम्म नजिकै रहेको झगडिया नालालाइ रहेको छ। यस वडाले उत्तरमा चुरे पहाड सँग सटेको बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिणमा बाँसगढी नगरपालिकाको ७ नं वडाको राधाकृष्ण टोल र वडा नं ६ को दमौली गाँउलाइ छोएको छ। बाँसगढी नगरपालिकाको मिति २०७३।०८।०७ गते बसेको बैठकको निर्णय बमोजिम स्थानिय तह पुर्नर संरचनाको लागी नगरपालिकाको वडा बिभाजन सिफारिस नेपाल सरकारको मिति २०७३।११।२७ को राजपत्रमा प्रकाशित सूचना अनुसार यस वडाको कुल जनसंख्या ७१३८ रहेको छ।यस वडा क्षेत्रमा वढि जसो थारु जातिको वाहुल्यता छ।

आ.व. २०८२/०८३ मा यस वडाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| | |

यस वडा कार्यालयबाट आ.व. २०८२/०८३ मा सम्पादित कार्यहरुको (प्रशासनीक खर्च वाहेक) आयोजना तथा कार्यक्रमहरुको शारांसगत बार्षिक प्रगति देहाय वमोजिम रहेको छ :-

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|
| १६ | १६ | | | | |

## १८. वडा नं. ९ कार्यालय

बाँसगढी नगरपालिका वडा नं ९ साविकको डेउढाकला गा.वि.स. २,३ र ४ मिलेर वनेको वडा हो। यस वडा कार्यालय २८°२७'१४३" उत्तरी अक्षांस ८१°४६'१५" पुर्वि देशान्तर र समुन्द्रि सतह देखि १५८.९३ M उचाइमा रहेको छ। यस वडा कार्यालय मिति २०७४ साल श्रावण ०९ गते उद्घाटन गरीएको हो। यस वडाको सिमाना पूर्वमा शुभकामना पेट्रोल पम्प, घर, पश्चिममा ग्याङ नदी, उत्तरमा वर्दिया राष्ट्रिय निकुन्ज, र दक्षिणमा तौरैया गाँउमा रहेको जङ्गलको सिमाना पर्दछ। वर्दिया राष्ट्रिय निकुन्जले उत्तर भुभागमा छोएको यस वडामा प्राय गरेर थारु, नेपाली, मधेसी आदि भाषा प्राय वोल्ने गरिन्छ। यस वडा क्षेत्रमा वढि जसो थारु जातिको वाहुल्यता छ।बाँसगढी नगरपालिकाको मिति २०७३।०८।०७ गते बसेको बैठकको निर्णय बमोजिम स्थानिय तह पुर्नर संरचनाको लागी नगरपालिकाको वडा बिभाजन सिफारिस नेपाल सरकारको मिति २०७३।११।२७ को राजपत्रमा प्रकाशित सूचना अनुसार यस वडाको कुल जनसंख्या ७५६६ रहेको छ।

आ.व. २०८२/०८३ मा यस वडाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | आ.व. ०८२/०८३ को योजनाहरुको सम्झौताको लागि सिफारिस |
| २ | वडा स्तरीय अनुगमन समिति मार्फत विभिन्न योजनाको अनुगमन गरि भुक्तानीको लागि सिफारिस गरिएको। |
| ३ | वडा कार्यालयको संयोजकत्वमा वडामा अवस्थित विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु सम्पन्न गरिएको |
| ४ | वडा कार्यालयमा विभिन्न चौमासिकमा बैंक सँग समन्वय गरी सामाजिक सुरक्षा भत्ता वितरण साथै शारिरीक रुपमा अशक्त लाभग्राहीहरुलाई घरमा पुगी सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको |
| ५ | विद्यालय सुधार योजना अन्तरगत विद्यालयका प्र अ जनप्रतिनिधि तथा शिक्षकहरुद्धारा जिल्ला तथा प्रदेशमा रहेका नमूना विद्यालयको भ्रमण गरिएको |
| ६ | गाइभैसीको लागि खोरेत विरुद्धको खोप |
| ७ | पशुपन्छीको लागि वडाबाट नियमित औषधी वितरण भएको |
| ८ | वडाबाट निमयमित प्रशासनिक काम भएको। |
| ९ | काम सम्पन्न भएका योजनाको अनुगमन |

यस वडा कार्यालयबाट आ.व. २०८२/०८३ मा सम्पादित कार्यहरुको (प्रशासनिक खर्च बाहेक) आयोजना तथा कार्यक्रमहरुको शारांसगत बार्षिक प्रगति देहाय वमोजिम रहेको छ :-

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|
| १२ | १२ | | | | |

## १९. आर्थिक विकास शाखातर्फको समग्र स्थिति

### १९.१. कृषि शाखा

नगरपालीकाको आर्थिक विकासको हिसाबले कृषि शाखा मेरुदण्डका रुपमा रहेको छ । नगरपालिकाका अधिकांश बासिन्दाहरू कृषि पेशामा संलग्न रहेका छन् । यस क्षेत्रमा कृषि उत्पादनमा मकै, धान, गहुँ, तरकारी आदी प्रमुख रुपमा रहेका छन् । यस नगरपालिकाले कृषि उत्पादनमा वृद्धि गर्न सिचाईको लागि ५०% अनुदानमा गत: आ.व.मा सानासिंचाई आयोजना अन्तरगत १५२ कृषक घरपरिवारका लागि सिंचाई बोरिङ्ग तथा मोटर खरिद गरि वितरण गरिएको थियो । कृषि शाखाबाट चालु आ.व.मा सम्पन्न भएका कार्यक्रमहरुको वित्तिय प्रगति ८५.०१% र भौतिक प्रगित ९७.६७% रहेको छ साथै प्रमुख कार्यहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ :-

| क्र.स. | प्रमुख कार्यहरु |
|---|---|
| १ | आकस्मिक बाली संरक्षण सेवा तथा बाली संरक्षण शिविर गरिएको। |
| २ | आलुको बीउ सत् प्रतिशत अनुदानमा कार्डिनल १५०० र एम एस ६०० केजी राझाँ कृषक समुहका २७ जना कृषकहरुलाई वितरण। |
| ३ | छुट भएका किसानहरुको घरधुरी ५९३वटा किसान अनलाईन प्रविष्टकरण भएको। |
| ४ | माटोमा प्राङ्गारिक मात्रा वृद्धि भई दिगो रुपमा माटो सुधार गर्न ५० प्रतिशत अनुदानमा ४०० केजी ढैचाको बीउ वितरण गरिएको। |
| ५ | प्राकृतिक विपत्तिबाट बालीलाई सुरक्षित राख्न कृषि विमा १०० प्रतिशत अनुदान कार्यक्रम गरिएको। |
| ६ | कृषि हाट बजार व्यवस्थापनमा स्थानिय बजारको प्रवर्धन भई स्थानिय उत्पादन बिक्रि वितरण गर्न माटो पटान गरि स्टिलहरु तयार गरिएको। |
| ७ | कृषकको उत्पादन लागत घटाउन कन्ये तथा गोब्रे च्याउको बीउमा ५० प्रतिशत अनुदान सहयोग कार्यक्रम गरिएको । |
| ८ | कृषकको उत्पादन लागत घटाउन बसन्ते मकैको उन्नत तथा हाईब्रिड बीउमा ५० प्रतिशत अनुदान सहयोग कार्यक्रम गरिएको । |
| ९ | कृषकहरुलाई आफ्नो खेतबारीको माटोको वास्तविक अवस्था बारे जानकारी दिन तथा बाली छनौट र रासायनिक मल व्यवस्थापन गर्न माटोको नमुना संकलन तथा माटो परिक्षण शिविर गरिएको |
| १० | आकस्मिक बाली संरक्षण सेवा तथा बाली संरक्षण शिविर गरिएको। |

### १९.२. पशुपंछी मत्स्य विकास शाखा

कृषि सँग-सँगै पशुपालनमा पनि नगरपालिकाका अधिकांश बासिन्दाहरू संलग्न रहेका छन । कृषकहरू

पशु फर्म खोलेर पशुपालन व्यवसायमा संलग्न छन् भने कतिपय कृषकहरू सहकारी संस्थामा आबद्ध रहेर पशुपालन गरेका छन् । नगरपालिकाले त्यस्ता कृषकलाई पशु उपचार कार्ड, उन्नत जातका बोका जस्ता कार्यक्रम ल्याएर कृषकलाई पशुपालन व्यबसायमा उत्साहित बनाउने गरेको छ । आ.व. २०८२/०८३ मा नगरपालिकाले सञ्चालन गरेको पशु सम्बन्धी मूख्य कार्यक्रमहरूको प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | गौशाला ब्यबस्थापन कार्यक्रम |
| २ | निशुल्क पशुपंक्षि विमा कार्यक्रम |
| ३ | पशु सुत्केरी प्रोत्साहन कार्यक्रम |
| ४ | पशु सेवा खोप कार्यक्रम |
| ५ | ५० प्रतिशत अनुदानमा चारा मेशिन वितरण कार्यक्रम |
| ६ | बाख्रा प्रबर्धन कार्यक्रम |
| ७ | गाइ भैसि स्रोत व्यवस्थापन कार्यक्रम |
| ८ | घाँसेबाली स्रोत केन्द्र विस्तार कार्यक्रम |

पशु शाखाको समष्टीगत वित्तिय प्रगति ८५.५०% र भौतिक प्रगित १००% रहेको छ ।

### १९.2. जलश्रोत तथा सिंचाईः

यस आ.व. २०८२/०८३ मा जलश्रोत तथा सिंचाइ तर्फ भएका मुख्य कार्यक्रम तथा आयोजनाहरुको विवरण तथा प्रगति प्रतिवेदन तपशिल रहेको छ ।

| सि.न. | कार्यक्रम /आयोजना | बार्षिक लक्ष्य | भौतिक प्रगति % | वित्तिय प्रगति % | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेलुवा फुइया खोलाको बाँध निर्माण | १ | ९८ | ९९.६१ | |
| २ | महेन्द्र राजमार्ग उत्तरपट्टिका वडाहरुमा सिंचाइ पूर्वाधार निर्माण | १ | ९६ | ९८.१४ | |
| ३ | अस्नेरी गाउँमा सिंचाइ कुलो तथा बोरिङ निर्माण | १ | ९७ | ९६.६१ | |
| ४ | मगरपुर सिंचाइ पास पाइप खरिद निर्माण | १ | ९८ | ९७ | |
| ५ | गौशाला क्षेत्रमा नदी तटबन्धन निर्माण | १ | ९८ | ९९.१६ | |

## १९. ३. सहकारी तथा गै.स.स.समन्वय शाखा

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उत्थान, समुदायमा आधारित, सदस्य केन्द्रित, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा

आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरूको दर्ता, सञ्चालन, नियमन, स्थानीय स्तरमा रहेका गै.स.स.हरुसंग समन्वय एवं कार्यक्रम सञ्चालनमा व्यवस्थापन गर्ने मूख्य कार्य यस शाखा अन्तरगत पर्दछ।

आ.व. २०८२/०८३ मा यस शाखाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | सहकारी संस्था अनुगमन |
| २ | Copomis Training |
| ३ | सहकारी नियमन |

## २०. सामाजिक विकास शाखाको वार्षिक समग्र स्थिति

### २०.१ स्वास्थ्य शाखा

मानव जीवनसँग प्रत्यक्ष सम्पर्कमा आएको मानव जिवनको रक्षा गर्ने प्रमुख कार्य स्थानीय सरकार भएको र सोको जिम्मेवार स्वास्थ्य शाखा भएको हुदाँ यस शालाई संवेदनशिल शाखाको रुपमा मानीएको छ। मानव जिवनको रक्षा नै प्रमुख कार्य रहेको यस शाखामा समय-समयमा आउने कोभिड १९ जस्ता माहामारीले यस क्षेत्रमा गत विगत आ.व.मा थप जिम्मेवारी बढेको थियो। साथै हाल बाँसगढी नगर अस्पताल तथा विभिन्न वडाहरुमा रहेका स्वास्थ्य संस्थाहरुले नियमित रुपमा खोप सञ्चालन, गर्भवती चेकजाँच लगायत अन्य ओ.पी.डी.सेवाहरू प्रदान गर्ने गर्दछ। समय-समयमा हुने समिक्षा कार्यक्रमले स्वास्थ्य सेवाको थप प्रभावकारी बनाउने गरेको छ। यस नगरपालिकाले चालु आ.व. बा-आमा कार्यक्रमको अवधारणा ल्याएको छ। उक्त कार्यक्रम विशेषज्ञ सहितको टोलीले विभिन्न वडाहरुमा क्याम्प खडा गरि कार्यक्रम सञ्चालन गरेको थियो। स्वास्थ्य शाखा मार्फत आ.व. २०८२/०८३ मा नगरपालिकाले विभिन्न साझेदार संघ संस्थाहरुसंग समन्वय गरि सञ्चालन गरेको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको उत्कृष्ट प्रगति विवरण देहाय बमोजिम रहेको छ।

| **प्रमुख कार्यहरु** | |
|---|---|
| १ | खानेपानी गुणस्तर प्रयोगशाला स्थापना। |
| २ | वडा नं ३ सुन्दरबस्तिमा शहरी स्वास्थ्य केन्द्र स्थापना। |
| ३ | विगत ५ बर्ष देखी घरमा सुत्केरी हुने संख्या सुन्य भएको। |
| ४ | जन स्वास्थ्य प्रबर्धन कार्यक्रम संचालन भएको। |
| ५ | पूर्ण स्वस्थकर व्यवहार उन्मुख टोल घोषना गरेको |

स्वाथ्य शाखा मार्फत चालु आ.व.मा सम्पन्न भएका कार्यक्रमहरुको समग्र वित्तिय प्रगति ९३.७९% र भौतिक प्रगित १००.% रहेको छ।

**<u>नगरपालिकाद्वारा सञ्चालित एम्बुलेन्सहरूको विवरण देहाय वमोजिम रहेको छ:-</u>**

| कूल एम्बुलेन्स संख्या | सञ्चालित अस्पताल/स्वास्थ्य चौकी | लाभान्वित वडाहरु |
|---|---|---|
| १ | बाँसगढी नगर अस्पताल | १ देखी ८ |
| **कूल एम्बुलेन्स संख्या १ गोटा** | | |

## २०.२. शिक्षा शाखा

बाँसगढी नगरपालिकाभित्र हाल सामुदायिक **३९**, धार्मिक **१** र संस्थागत **१६** गरी कुल **५६** विद्यालयहरु संचालनमा रहेका छन्। शैक्षिक सत्र २०८२ मा बाल विकासदेखि कक्षा १२ सम्म सामुदायिक विद्यालय तर्फ **१० हजार ३७६ जना**, संस्थागत विद्यालय तर्फ **५ हजार ९९९ जना** गरी कुल **१६ हजार ३७५ जना** विद्यार्थीहरु अध्ययन गरेका थिए। बाँसगढी नगरपालिकाको शैक्षिक सत्र २०८२ मा बाल विकास कक्षाको कुल भर्नादर **१०६ प्रतिशत**, बाल विकास केन्द्रको खुद भर्नादर ९८ प्रतिशत रहेको छ। बाँसगढी नगरपालिकाको कक्षा १ को कुल भर्नादर **१०५ प्रतिशत** र खुद भर्नादर ९५ प्रतिशत रहेको छ। कक्षा १-५ को उत्तीर्णदर **९८ प्रतिशत**, कक्षा ६-८ को उत्तीर्णदर ९६.५ **प्रतिशत**, कक्षा ९-१० को उत्तीर्णदर **९३** प्रतिशत तथा कक्षा ११-१२ को उत्तीर्णदर **८१** प्रतिशत रहेको छ। माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SEE) मा ८३.३ प्रतिशत उत्तीर्ण भई बर्दिया जिल्ला प्रथम हुन सफल भएको छ। खेलकूल विकास समिति गठन भई क्रियाशील रहेको छ। खेलकूलका विभिन्न विधाहरुमा नगरपालिकाले उत्कृष्ट नतिजा हासिल गरेको छ। जिल्लाब्यापी राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८२ मा २७ स्वर्ण पदक सहित बर्दिया जिल्ला प्रथम हुन सफल भएको छ। **बाँसगढीका खेलाडी: सधै अगाडि** भन्ने नाराले सार्थकता पाएकोछ।

आ.व.२०८२/०८३ मा शिक्षा शाखा मार्फत नगरपालिकाले सम्पन्न गरेको वित्तीय तथा भौतिक प्रगति विवरण देहाय बमोजिम रहेको छ।

| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | सम्पन्न संख्या | बार्षिक बजेट | खर्च | प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | वित्तिय % | भौतिक % |
| १ | मूख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रम | | | | | | |
| २ | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | | | | | | |
| ३ | शसर्त अनुदान- संघ | | | | | | |
| ४ | नगरपालिका बजेट (आन्तरी श्रोत समेत) | | | | | | |
| | जम्मा | | | | | | |

**कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा गरिएका मूख्य कार्यहरु :**

(१) नगरपालिकाका पदाधिकारी, वि.व्य.स. अध्यक्ष, प्र.अ. सहितका सरोकारवालाहरुसँग आवश्यक समन्वय, छलफल तथा अन्तरक्रिया।

(२) जनप्रतिनिधि र कर्मचारीहरुको संयुक्त अनुगमन।

(३) विद्यालय भौतिक सुधारका कार्यक्रम, शैक्षिक गुणस्तर सुधारका कार्यक्रयहरु समयमै प्रस्तावना माग गरी समयमा नै सम्पन्न हुन सकेको।

(४) न्युन दरबन्दी रहेका विद्यालयहरुमा नगरपालिका शिक्षण अनुदानबाट शिक्षक व्यवस्थापन गरी न्युन शिक्षक समस्यालाई केहि हदसम्म समाधान गर्न खोजिएको।

## २०.३. महिला तथा बालबालिका शाखा

सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरूको लगत अद्यावधिक, परिचय पत्र वितरण, अनाथ, असहाय, बालबालिका संरक्षण तथा सम्बद्र्धन, एकल तथा असहाय महिलालाई आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने कार्य महिला तथा बालबालिका शाखा अन्तर्गत

पर्दछ ।

यस शाखाले आ.व. २०८२/०८३ मा लक्षित वर्गका लागि बिनियोजित बजेट मध्ये खर्च र प्रगतिको अवस्था देहाय वमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

| कार्यक्रम तथा आयोजना संख्या | सम्पन्न संख्या | बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|---|---|
| १९ | १७ | ५४०००००० | ४०४०७७८ | ८८.४४ | ९२.५९ |

**<u>महिला तथा बालबालिका शाखाबाट सम्पन्न भएका प्रमुख कार्यक्रमहरु:-</u>**

(१) असंगठीत क्षेत्रमा आबद्ध द्वन्द प्रभावित तथा हंसि पिडित महिलाहरु,श्रमिक महिलाहरुलाइ स्वास्थ्यय विमा कार्यक्रम समपन्न ।

(२) लैङ्गिक हिंसा तथा लागु औषध दुर्व्यसनि न्यूनिकरणकालागि अभियान तथा सडक नाटक संचालन ।

(३) एक छोरि एक बैङ्क खाता कार्यक्रम संचालन ।

(४) अनाथ तथा असाहयका लागी कपडा बैङ्क कार्यक्रम ।

(५) जेष्ठ नागरिक अरुलाइ अनुभव आदान प्रदान कार्यक्रम ।

(६) अपांङ्ता भएका व्यक्तिहरुका लागी सहायक सामाग्री वितरण कार्यक्रम ।

## २१. अन्य क्षेत्रहरू

### २१.१. रोजगार सेवा केन्द्र

नेपालको संविधानको धारा ३३ मा उल्लिखित रोजगारीको हक कार्यान्वयनको लागि रोजगारीको हकसम्बन्धी ऐन २०७५ ल्याएको छ । सोही ऐनले प्रत्येक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र स्थापना गरी स्थानीय तहमा रहेका बेरोजगार व्यक्तिहरूको पहिचान र सूचिकरण गर्ने र एक आर्थिक वर्षमा न्युनतम एक सय दिनको रोजगारीको सुनिश्चितता गर्ने भनि उल्लेख गरेको छ । सोही व्यवस्था बमोजिम स्थापित प्रधानमन्त्री रोजगार कार्यक्रम यस नगरपालिकामा पनि सञ्चालित रहेको छ । आ.व. २०८२/०८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट २२९ जना व्यक्तिले १०० दिन रोजगारी पाउनु पर्नेमा सालान्तरको दोश्रो चौमासिकको फाल्गुणसम्म सुचिकृत हुने आवेदनको समायवधी रहेकाले १०४ जना मध्ये ७५ जनालाई उक्त कार्यमा लगाई कार्यक्रम सम्पन्न भएको देखिन्छ । आ.व. २०८२/०८३ मा कार्यक्रमको वित्तिय तथा भौतिक प्रगति देहाय बमोजिम रहेको छ ।

| कूल बार्षिक रकम | खर्च | वित्तिय % | भौतिक % |
|---|---|---|---|

**<u>प्रमुख कार्यहरु:-</u>**

| | | मि. |
|---|---|---|
| A | बाटो | ५७००० |
| B | नाली | ३५००० |
| C | खानेपानी पाइप विस्तार | ३४५५ |
| D | पर्खाल | ३४५६४ |
| | कूल | १३००१९ |

## २१.२. गरिवी निवारणका लागि लद्यु उद्यम विकास शाखा

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयको आर्थिक सहयोगमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ग्रामिण समुदायका गरिबको रेखामुनी रहेका लक्षित वर्ग (आदिवासी जनजाति, दलित, महिला तथा बेरोजगारी युवाहरु) लाई लघु उद्यमको माध्यामबाट उद्यमशीलता विकास तालिम, सीप विकास तालिम, लघु कर्जामा पहुंच, उपयूक्त प्रविधिमा पहुंच, व्यवसाय विस्तार र बजारीकरण गरी आर्थिक तथा सामाजिक अवस्था माथि उकास्ने मूख्य उद्देश्य रहेको यो कार्यक्रम आ.व. २०७७/७८ बाट यस नगरपालिकामा सञ्चालनमा रहेको छ । आ.व. २०८२/०८३ का यस शाखाको वित्तिय तथा भौतिक प्रगति देहाय वमोजिम रहेको छ ।

| बार्षिक बजेट | प्रगति | | |
|---|---|---|---|
| | खर्च रकम | वित्तिय % | भौतिक % |
| १६००००० | १६००००० | १०० | १०० |

**प्रमुख कार्यहरु:-**

| | लाभान्वित संख्या |
|---|---|
| एडभान्स सिलाईकटाई तालिम वडा नं. १ | २० जना |
| प्रविधि हस्तान्तरण वडा नं. ४ | १० जना |
| समाजिक परिचालन वडा नं. ४ | ४५ जना |
| उद्यमशिलता विकास तालिम वडा नं. ४ र ५ | ६५ जना |
| सिप विकास तालिम वडा नं. १/४/५/७ | ११८ |
| उपयुक्त प्रविधिमा पहूंच वडा नं. ४ | १० जना |
| लोक सेवा आयोग तयारी कक्षा | १०४ जना |
| शिक्षक सेवा अध्यापन अनुमति पत्र तयारी कक्षा | ८० जना |
| यूवा किशोरिहरुका लागि व्यूटिसियन तालिम | ३० जना |
| जम्मा | ४८२ जना |

## २१.३ भूमि आयोग सेवा केन्द्र

भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबसको पहिचान, लगत संकलन, प्रमाणीकरण, अस्थाई निस्सा वितरण, जनमुखी एवं न्यापूर्ण भूमि व्यवस्था स्थापित गर्न योगदान गर्ने उद्देश्यले नगरपालिकामा स्थापित सेवा केन्द्रमा नगरपालिका ८ जना र राष्ट्रिय भूमि आयोगको तर्फबाट ३ जना (सेवा केन्द्र प्रमुख- १) समेत कूल ११ जना प्राविधिक कर्मचारीहरु कार्यरत यस सेवा केन्द्रको स्थापना आ.व. २०७७/७८ मा नगरपालिकामा स्थापना भएको छ ।

आ.व. २०८२/०८३ मा यस शाखाद्वारा सम्पादित प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन :-

| सि.नं. | मूख्य कार्यको विवरण |
|---|---|
| १ | वडा नं. ३ मा भूमिहीन दलित, भूमिहीन सुकुम्बासीहरुलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबसिलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि कूल ८८५ घरपरिवारलाई निस्सा वितरण गरिएको । जसमध्ये २४ जना भूमिहीन दलित, ३९ जना मध्ये २६ जना भूमिहीन सुकुम्बासी एवं ८२२ जना अव्यवस्थित बसोबासीहरुले भोगचलन गरेको ऐलानी जग्गा नापजाँच कार्य सम्पन्न । |

| | |
|---|---|
| २ | साथै वडा नं. ३ कै करिव २२०० कित्ता जग्गाको Data Base तयार पारिएको । |
| ३ | आ.व.अन्त्य सम्म वडा नं. १ देखि ९ सम्मका वडाहरुको कूल १३०९५ लगत संकलन भएको । |

**बैकल्पिक उर्जाः**

आर्थिक वर्ष २०८२/०८३ मा विधुतीय चुलो सुधारिएको चुलो तथा बायोग्यास लगायतका वैकल्पिक ऊर्जा प्रविधिको प्रयोग तथा प्रवद्धन वितरण सम्बन्धमा सम्बन्धित वडा कार्यालय जनप्रतिनिधि तथा लाभग्राही तथा सरोकारवालासँग आवश्यक समन्वय तथा सहजीकरण गरिएको छ ।

निर्माण सम्पन्न बायोग्यास प्लान्टहरुको स्थलगत अनुगमन गरी सन्चालन तथा प्रयोगको अवस्था सम्ब्धी विवरण संकलन गरिएको छ ।साथै विधुतीय चुलो ,सुधारिएको चुलो वितरण तथा प्रयोगलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहजिकरण गरिएको छ।

**प्रगति विवरण**

| क्र.सं वैकल्पिक ऊर्जा प्रविधि | लाभान्वित घरधुरि संख्या |
|---|---|
| १. विधुतीय चुलो | ९४२ |
| २. सुधारिएको चुलो | ८० |
| ३. बायोग्यास | |
| जम्मा — १०२२ | |

आर्थिक वर्ष २०८२/०८३ मा वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धन तथा प्रयोगका लागि आवश्यक समन्वय सहजीकरण अनुगमन तथा अभिलेख व्यवस्थापन कार्य सम्पन्न गरिएको र वातावरण संरक्षण तथा कार्बन उत्सर्जन न्यूनीकरण योगदान पुगेको छ ।

## भाग- २

### १. निष्कर्ष तथा उपलब्धी एवम् महत्वपुर्ण कार्यहरु

**आ.व २०८२/०८३ मा नगरपालिकाले गरेका मुख्य मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन्:-**

**भौतिक पूर्वाधार तथा सडक विकास**

१. नगरका विभिन्न वडामा **ग्राभेल सडक निर्माण तथा स्तरोन्नति** गरिएको।
२. विभिन्न स्थानमा **कालोपत्रे सडक निर्माण/स्तरोन्नति** गरिएको।
३. सडकको **नियमित मर्मत तथा सम्भार** गरिएको।
४. आवश्यक स्थानमा **नाली तथा कल्भर्ट निर्माण** गरिएको।
५. ग्रामीण तथा कृषि सडकहरूको **स्तरोन्नति तथा पहुँच विस्तार** गरिएको।
६. नगरका विभिन्न स्थानमा **सार्वजनिक भवन तथा संरचना निर्माण/मर्मत** गरिएको।
७. विद्यालय तथा सामुदायिक संस्थाका **भौतिक संरचना सुधार** गरिएको।
८. सार्वजनिक स्थल तथा बजार क्षेत्रको **पूर्वाधार सुधार** गरिएको।

**नोटः** नगरपालिकाको उपलब्ध प्रगति अभिलेखमा आ.व. २०८२/०८३ मा १,११५ मिटर ग्राभेल सडक र ३,६५० मिटर कालोपत्रे सडक सम्पन्न भएको विवरण उल्लेख छ।

**२. कृषि तथा पशुपन्छी विकास**

९. कृषकहरूलाई **कृषि सामग्री तथा उपकरण सहयोग** प्रदान गरिएको।
१०. **उन्नत बीउबिजन तथा कृषि प्रविधि** प्रवर्द्धन गरिएको।
११. **एकीकृत शत्रुजीव व्यवस्थापन (IPM)** कार्यक्रम सञ्चालन गरिएको।
१२. कृषि बालीमा देखिने रोग तथा किराको **नियन्त्रण तथा व्यवस्थापन** गरिएको।
१३. **कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि** सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।
१४. कृषकहरूको **क्षमता विकास तथा कृषि तालिम** सञ्चालन गरिएको।
१५. **पशु स्वास्थ्य तथा उपचार शिविर** सञ्चालन गरिएको।
१६. पशुपन्छीका लागि **खोप तथा रोग नियन्त्रण कार्यक्रम** सञ्चालन गरिएको।
१७. पशुपालन तथा पशुजन्य उत्पादन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिएको।
१८. **कृषि तथा पशुपन्छी संरक्षण** सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।

**३. शिक्षा क्षेत्र**

१९. सामुदायिक विद्यालयहरूको **शैक्षिक तथा भौतिक सुधार** गरिएको।
२०. विद्यालयमा आवश्यक **शैक्षिक सामग्री तथा उपकरण सहयोग** उपलब्ध गराइएको।
२१. शिक्षक तथा शैक्षिक जनशक्तिको **क्षमता विकास कार्यक्रम** सञ्चालन गरिएको।
२२. विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि **शैक्षिक कार्यक्रमहरू** सञ्चालन गरिएको।
२३. विद्यालयमा **सूचना प्रविधिको प्रयोग तथा डिजिटल शिक्षण** प्रवर्द्धन गरिएको।
२४. विद्यालयस्तरमा **अतिरिक्त क्रियाकलाप तथा विद्यार्थी विकास कार्यक्रम** सञ्चालन गरिएको।

**४. स्वास्थ्य तथा सामाजिक विकास**

२५. नगर अस्पताल तथा स्वास्थ्य संस्थामार्फत **नियमित स्वास्थ्य सेवा** उपलब्ध गराइएको।

२६. विभिन्न रोगको **स्वास्थ्य परीक्षण तथा उपचार शिविर** सञ्चालन गरिएको।

२७. आवश्यकताअनुसार **विशेषज्ञ स्वास्थ्य सेवा/विशेषज्ञ चिकित्सकीय सेवा** सञ्चालन गरिएको।

२८. महिला तथा बालबालिकाका लागि **स्वास्थ्य तथा सचेतना कार्यक्रम** सञ्चालन गरिएको।

२९. **पोषण तथा मातृ—शिशु स्वास्थ्य** सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।

३०. महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका लागि **लक्षित कार्यक्रम** सञ्चालन गरिएको।

३१. सामाजिक रूपमा पछाडि परेका तथा लक्षित वर्गका लागि **सहयोग तथा क्षमता विकास कार्यक्रम** सञ्चालन गरिएको।

## ५. रोजगार, उद्यम तथा आर्थिक विकास

३२. स्थानीय नागरिकका लागि **सीप विकास तथा रोजगारमूलक तालिम** सञ्चालन गरिएको।

३३. **उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धन** कार्यक्रम सञ्चालन गरिएको।

३४. साना तथा घरेलु उद्यम प्रवर्द्धनका लागि **उद्यम विकाससम्बन्धी कार्यक्रम** सञ्चालन गरिएको।

३५. स्थानीय उत्पादन तथा व्यवसाय प्रवर्द्धनका लागि **बजार तथा व्यवसायिक क्षमता विकास** कार्यक्रम सञ्चालन गरिएको।

## ६. सूचना प्रविधि तथा डिजिटल नगरपालिका

३६. **Digital Bansgadhi Portal** को प्रयोग तथा विस्तारलाई प्राथमिकता दिइएको।

३७. **Digital Citizen Charter** सञ्चालन तथा सेवा सम्बन्धी सूचना प्रवाहलाई व्यवस्थित गरिएको।

३८. नगरपालिकाका सेवा प्रक्रियालाई **अनलाइन तथा प्रविधिमैत्री** बनाउने कार्य अघि बढाइएको।

३९. जनप्रतिनिधि, शाखा प्रमुख तथा वडा सचिवहरूको **डिजिटल क्षमता विकास/प्रशिक्षण** सञ्चालन गरिएको।

४०. **डिजिटल पत्राचार, दर्ता—चलानी तथा अभिलेख व्यवस्थापन** प्रणालीको प्रयोग विस्तार गरिएको।

४१. नगरपालिकाको **सूचना तथा सञ्चार प्रविधि पूर्वाधार** सुदृढ गरिएको।

## ७. सुरक्षा तथा विपद् व्यवस्थापन

४३. नगरका मुख्य बजार क्षेत्रमा **CCTV निगरानी प्रणालीको सञ्चालन तथा व्यवस्थापन** गरिएको।

४२. नगर क्षेत्रमा जडान भएका CCTV क्यामेराको **मर्मत तथा सम्भार** गरिएको।

४३. **विपद् सम्बन्धी तथ्याङ्क तथा विवरण संकलन** गरी डिजिटल प्रणालीमा अभिलेखीकरण गरिएको।

४४. विपद् पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापनका लागि **स्थानीय क्षमता सुदृढीकरण** गरिएको।

## ८. वातावरण, सरसफाइ तथा पर्यटन

४५. **फोहोरमैला व्यवस्थापन तथा सरसफाइ** सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।

४६. वातावरण संरक्षण, हरियाली तथा **स्वच्छ नगर प्रवर्द्धन**का कार्यक्रम सञ्चालन गरिएको।

४७. सार्वजनिक स्थान तथा बजार क्षेत्रमा **सरसफाइ र सौन्दर्यीकरण** गरिएको।

४८. स्थानीय **पर्यटन क्षेत्रको पहिचान, प्रवर्द्धन तथा पूर्वाधार विकास** सम्बन्धी कार्य गरिएको।

## ९. सुशासन तथा संस्थागत विकास

४९. **योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, डिजिटल सेवा प्रवाह तथा पारदर्शिता** अभिवृद्धि गर्दै नगरपालिकाको संस्थागत क्षमता सुदृढ गरिएको।

## २. कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीहरू

१. नगरपालिकाको विकास, सम्वृद्धी, प्रभावकारी सेवा प्रवाह र सुशासन व्यवस्थापनका लागि जनप्रतिनिधि र कर्मचारीलाई एकै सुत्रमा बाँध्नु।

२. जनताको असीमित आवश्कता र चाहनालाई सम्बोधन गर्ने श्रोतमा सीमितता रहनु।

३. कार्यालय तथा वडाहरुमा दरबन्दी अनुसार कर्मचारीको स्थायी पदपूर्ति गरी सेवा प्रवाह गर्न सक्नु र भएका जनशक्तिको Right man in right place गर्न सक्नु।

४. समयमा योजना सम्पन्न गराई फरफारक गराउनु र तालुक मन्त्रालयहरुमा प्रगति विवरण पठाउनु।

५. संघ तथा प्रदेश सरकारबाट विनियोजित श्रोत समयमा प्राप्त गर्नु।

६. नदीजन्य पदार्थको समयमा ठेक्का लाग्नु र सो को आन्तरिक राजश्व तोकिएको समयमा उठाउनु।

७. गत: विगत आ.व.मा ठेक्का सम्झौता भएका विकास निर्माणका कामहरु कार्यान्वयनमा लैजानु।

८. टोल विकास संस्थाहरुबाट विकास निर्माणका कामहरु सम्पन्न गराउनु।

९. शिक्षा क्षेत्रको बजेटको ठूलो हिस्सा पालिका अनुदानका शिक्षक शिक्षिकाको तलबमा खर्च हुनु।

१०. विद्यालयको भौतिक संरचना सुधार गर्नु।

११. समसामयिक रुपमा विद्यालय समायोजन गर्दै जानु।

१२. भूगोल र जनसंख्याका हिसाबले देशकै ठूलो नगरपालिकाका लागि स्वास्थ्य तर्फ निशुल्क औषधीका लागि संघीय अनुदान अत्यन्त न्यून हुनु।

१३. आधारभूत स्वास्थ्य सेवा केन्द्रका लागि हालसम्म दरबन्दी स्वीकृत हुन नसक्नु।

१४. नसर्ने तथा जटिल प्रकार रोगका लागि नगरपालिकाको आर्थिक सहायता अनुदान कम गर्दै लैजाने।

१५. लक्षित वर्ग, जेष्ठ नागरिक, असहाय वालबालिका, एकल महिला, सडक मानव, अपाङ्गता भएका व्यक्ति तथा द्वन्द पीडितकाको विकास र व्यवस्थापनका लागि बजेको अप्रयाप्तता रहनु।

१६. उपभोक्ता हीत संरक्षणका लागि समय समयमा बजार अनुगमन गर्ने व्यवस्था मिलाउनु।

१७. आन्तरिक राजश्वमा उद्योग व्यवसाय करको हिस्सा बढाउनु।

१८. नगरपालिका तथा अन्य निकायबाट दिइएको सीप विकास सम्बन्धी तालिमको यथोचित अनुगमन गर्ने तथा प्रभावकारिता अध्ययन गर्नु।

१९. कृषि क्षेत्रमा गरेको लगानी अनुसारको नतिजा प्राप्त गर्नु।

२०. सिक्टा सिंचाईको आधार क्षेत्र हुँदा पनि किसानलाई सिंचाई सुविधा समयमा पुऱ्याउनु।

२१. संघीय तथा प्रदेश सरकारका कार्यक्रमका रुपमा रहेका नगरपालिका भरी छरिएर रहेका खानेपानी आयोजनाहरुलाई एकीकृत गरी समयमा सम्पन्न गराउनु।

२२. नगरपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरुलाई उत्पादन, विकास र पूँजी निर्माणमा लगाउनु।

२३. नगरपालिका भित्र रहेका सामुदायिक वनहरुलाई नगरपालिकाको विकास र सम्वृद्धीको लागि सहयोगी बनाउनु।

२४. नगरपालिकाको समग्र विकासमा हातेमालो गर्ने गैर सरकारी संस्थाहरुलाई कार्य वातावरण तयार गर्नु।

२५. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई विकास र जनताको आय आर्जनको प्रयायका रुपमा सञ्चालन गर्नु

२६. विपद् उद्दार, राहत र पुर्नस्थापना खर्च वर्षेनी बढ्दै जानु।

नगरपालिकाको समग्र क्षेत्रमा सूचना प्रविधिको प्रयोग गर्नु।

## ३. आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरू

यस नगरपालिकालाई विकास, सम्वृद्धि, गुणस्तरीय सेवा र सुशासन प्रवर्द्धनको प्रयायका रुपमा उत्कृष्टता हासिल गर्न सेवाग्राही, कर्मचारी र जनप्रतिनिधीहरूले देहाय बमोजिमका कार्यहरूलाई पालना गर्नुपर्ने देखिन्छ:-

१. आवश्यक कानूनको निर्माणः विकास निर्माणका कार्यहरूलाई प्रचलित संघ तथा नगरपालिकाको ऐन कानून तथा नियमावलीको समेत अध्ययन गर्दै अगाडि बढाउन पर्ने।

२. समयमा बजेट तथा कार्यक्रम निर्माण,

३. कार्ययोजना निर्माणः कार्ययोजना बनाई प्रत्येक शाखा प्रमुखको जिम्मेवारी तोकी कार्यसम्पादन सम्झौता मार्फत प्रोत्साहनको व्यवस्था मिलाई कार्य सम्पादनलाई चुस्त दुरुष्त रुपमा अगाडि बढाउन पर्ने।

४. श्रोतको परिचालन,

५. प्रस्ताव, डिजाइन तथा इस्टिमेट र कार्य सम्झौता,

६. नियमित अनुगमन, सुपरीवेक्षण र निर्देशन,

७. संघ, प्रदेश र अन्य सरोकारवाला निकायसंग नियमित समन्वय,

८. बेरुजु फछयौट तर्फ प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याईएको कारोबारलाई बेरुजुका रुपमा महालेखा परीक्षकले लेखापरीक्षणका क्रममा औँल्याइएका बेरुजुलाई बार्षिक कार्य योजना तयार गरी प्रचलित कानून तथा अन्य आर्थिक कार्यविधि बमोजिम समिति गठन गरी नगरपालिकाको बेरुजु रकम घटाउने तर्फ ध्यान जानु पर्दछ .

बाँसगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल